# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ७२ | काठमाडौं | मंगलबार, १९ असार २०८० | Prabhab National Daily | Tuesday, July 04, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## मुख्यमन्त्रीको अप्ठ्यारो दौडमा थापा



राप्रपाको समर्थन नपाएको अवस्थामा सभामुखले निर्णायक मतदान गर्दा सरकार भने गठन गर्न सकिने अवस्था छ । तर, सभामुखको निष्पक्षता र तटस्थतामाथि प्रश्न उठ्छ ।

■ प्रभाव संवाददाता

**काठमाडौं–** कोशी प्रदेशको मुख्यमन्त्रीका रूपमा गठबन्धनले कांग्रेस संसदीय दलका नेता उद्धव थापालाई अघि बढाउने भएको छ। नेकपा एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेका अनुसार गठबन्धनका केन्द्रीय नेताहरूको सोमबार बालुवाटारमा बसेको बैठकले यस्तो निर्णय गरेको हो ।

थापा मुख्यमन्त्रीका लागि नेताहरूलाई दबाब दिन प्रदेश प्रमुख परशुराम खापुङले मुख्यमन्त्रीमा दाबी पेस गर्न आह्वान गरेलगत्तै काठमाडौं आएका थिए । उनीसँगै नेकपा माओवादी केन्द्र संसदीय दलका नेता इन्द्रबहादुर आङ्बो पनि आएका थिए । तर, ठूलो दलको हैसियतबाट थापाले गठबन्धनबाट मुख्यमन्त्रीको उम्मेदवार बन्ने अवसर पाउने भएका हुन् ।

कांग्रेस संसदीय दलका नेता भूपेन्द्र राईले अब थापाले गठबन्धनको तर्फबाट बुधबार र बिहीबारसम्ममा प्रदेश प्रमुख खापुङसमक्ष मुख्यमन्त्रीका लागि दाबी पेस गर्ने जानकारी दिए । 'मुख्यमन्त्रीमा दाबी पेस गर्ने समय पर्याप्त छ,' उनले भने, 'उहाँ (थापा) अहिले काठमाडौंमा हुनुहुन्छ । आज आउनुहुन्छ होला प्रदेशमा । हामी ढिलोमा बिहीबार ५ बजेसम्ममा दाबी पेस गर्छौं ।'

संसद्मा थापाको पहिलोपटक प्रतिनिधित्व हो । उनी संसदीय राजनीतिक नयाँ खेलाडी हुन् । तर, उनलाई मुख्यमन्त्रीमा पहिलोपटकमै दाबी गर्ने अवसर मिल्ने भएको हो ।

उनको दल कांग्रेसले मुख्यमन्त्रीका रूपमा अघि सार्ने निर्णय गरिसकेको छ । कोशी प्रदेश संसद्मा कांग्रेसका २९ जना सांसद छन् । माओवादी केन्द्रका १३ जना (सभामुखसहित), नेकपा एकीकृत समाजवादीका चार जना र जनता समाजवादी पार्टी (जसपा)का एक जना गरी ४७ जना सांसद छन् ।

प्रदेशमा सरकार गठनका लागि यो संख्या बहुमत हो । तर, सभामुखविना बहुमत पुग्दैन । अर्थात् ४६ जनामात्रै सांसद गठबन्धनको छ । एमाले-राप्रपाको पनि समान ४६ जना सांसद छन् । यही संख्यामा रहेका सांसदहरूको मात्रै मत पाएपछि शुक्रबारमात्रै एमालेका मुख्यमन्त्री हिक्मतकुमार कार्की नेतृत्वको एमाले-राप्रपाको सरकार ढलेको थियो ।

यसले गर्दा थापालाई मुख्यमन्त्री हुन निकै मुस्किल देखिएको छ । तर, पनि संसदीय दलका नेता राईले भने राप्रपालाई गठबन्धनमा ल्याउने प्रयास गरिरहेको बताएका छन् । हालसम्म राप्रपाले 'राजनीतिक निर्णय' लिने भनेको उनको भनाइ छ । 'प्रदेशलाई अहिले नै मध्यावधि निर्वाचनमा (**बाँकी पृष्ठ ७ मा**)

निर्वाचन कानुनको मस्यौदामा आयोगको प्रस्ताव

# 'नो भोट'को व्यवस्था, विदेशमा रहेकालाई पनि मताधिकार




- सोलुखुम्बुको नेचासल्यानस्थित तिङ्लाका स्थानीयले अघिल्लो स्थानीय निर्वाचनमा प्रयोग गरेको 'नो भोट'लाई पनि कार्यान्वयनमा ल्याउने आयोगको प्रस्ताव
- विदेशमा रहेकालाई पनि समानुपातिकमा मत हाल्न दिने
- विदेश भ्रमणमा निस्कने र निर्वाचन कार्यमा खटिनेले अग्रिम मतदान गर्न पाउने व्यवस्था
- उम्मेदवारलाई खर्चमा मात्र हैन निर्वाचन क्षेत्रमासमेत कडाइ गर्ने प्रस्ताव, सम्पत्ति विवरण परिवारकै बुझाउनुपर्ने

■ प्रभाव संवाददाता

**काठमाडौं-** निर्वाचनमा कुनै पनि उम्मेदवारलाई मत दिन मन नलागे 'नो भोट' को विकल्प मतदातालाई दिइनुपर्ने माग लामो समयदेखि उठ्दै आएको थियो । यस्तै, विदेशमा रहेका नेपालीहरूले पनि आफू रहेको मुलुकबाटै मतदान गर्न पाउनुपर्ने माग गर्दै आएका थिए । चुनावका बेला राजनीतिक दलहरूले उक्त व्यवस्था गर्ने आश्वासन दिए पनि हालसम्म कानुनी व्यवस्था हुन सकेको छैन ।

तर, अब भने यस्तो कानुन बनाउन निर्वाचन आयोग आफैं अगाडि बढेको छ । आयोगले निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न तयार पारेको विधेयकको मस्यौदामा उल्लिखित विषयलाई सम्बोधन गर्ने प्रस्ताव गरेको छ । आयोगको सोमबार बसेको बैठकले नो भोट र विदेशमा रहेका नेपालीलाई पनि मतदानको अधिकार दिनेलगायत निर्णय पारित गरी मस्यौदामा समावेश गरेको हो ।

आयोगले विदेशमा रहेका नेपाली नागरिकको विवरण संकलन गर्ने निर्णय गरेको छ । 'मतदाता नामावली तयार गर्ने प्रयोजनका लागि विदेशमा रहेका नेपाली नागरिकको विवरण संकलन गर्ने,' बैठकपछि आयोगका सहसचिव एवं प्रवक्ता शालिग्राम शर्मा पौडेलले जारी गरेको विज्ञप्तिमा भनिएको छ । यसैगरी आयोगले विदेशमा रहेका मतदाता नामावलीमा समावेश व्यक्तिलाई सोही मुलुकबाट मत दिने व्यवस्था मिलाउनेसमेत प्रस्ताव गरेको छ ।

'आयोगले विदेशमा रहेका मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिलाई नेपाली कूटनीतिक नियोगको सहयोगमा सोही मुलुकबाटै प्रतिनिधिसभाको समानुपातिकतर्फको निर्वाचन प्रणालीअनुसार हुने निर्वाचनमा मतदान गर्न पाउने व्यवस्था मिलाउन सक्ने,' आयोगको विज्ञप्तिमा उल्लेख छ ।

**नेचासल्यानको माग अनुमोदन !**

आयोगले सोलुखुम्बुको नेचासल्यानस्थित तिङ्लाका स्थानीयले अघिल्लो स्थानीय निर्वाचनमा प्रयोग गरेको 'नो भोट'लाई पनि कार्यान्वयनमा ल्याउने प्रस्ताव मस्यौदामा अघि सारेको छ । कुनै मतदाताले कुनै पनि उम्मेदवारलाई समर्थन नरहेको भनी मतदान गर्न चाहेमा आयोगले त्यस्तो उम्मेदवारलाई समर्थन नरहने गरी मतपत्रमा मतदानको व्यवस्था (नोटा) गर्ने निर्णय आयोगले गरेको छ । यस्तो व्यवस्थामा कूल सदर मतको ५० प्रतिशतभन्दा बढी मत नोटा भएमा निर्वाचन नै रद्द हुने प्रस्ताव गरिएको छ ।

'मतपत्र गणना गर्दा कुनै पनि उम्मेदवारलाई समर्थन नरहेको मतसंख्या (नोटा) त्यस्तो निर्वाचनमा मतदान भएको कूल सदर मतको ५० प्रतिशतभन्दा बढी भएमा त्यस्तो निर्वाचन रद्द हुने,' मस्यौदामा भनिएको छ । २०७४ मा (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

म्यानपावर कम्पनीमार्फत वैदेशिक रोजगारी

## सात लाख २५ हजारभन्दा बढी विदेशिए

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्ष २०७९/८० को असार १५ गतेसम्म सात लाख २५ हजारभन्दा बढी युवा रोजगारीका लागि विदेशिएका छन् । उनीहरू म्यानपावर कम्पनीमार्फत रोजगारीका लागि विभिन्न देशमा गएका हुन् ।

वैदेशिक रोजगार विभागले उक्त अवधिमा म्यानपावर कम्पनीमार्फत वैदेशिक रोजगारीमा गएका श्रमिकको तथ्यांक सार्वजनिक गरेको हो । यद्यपि, वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र दिएका ८५४ वटा म्यानपावरमध्ये १०० भन्दा कम श्रमिक पठाउने २१२ म्यानपावरको नामावली विभागले सार्वजनिक गरेको छैन । विभागले सात लाख ४० हजारभन्दा बढी श्रमिकले रोजगारीका लागि विदेश जान अन्तिम श्रम स्वीकृति लिएको विभागको तथ्यांकले देखाएको छ । म्यानपावर कम्पनीले वार्षिकरूपमा न्यूनतम १०० श्रमिक पठाउनैपर्ने प्रावधान रहेका कारण उल्लिखित संख्याभन्दा कम श्रमिक पठाउने म्यानपावर कम्पनीको नामावली सार्वजनिक नगरिएको विभागका एक अधिकारीले जानकारी दिएका छन् । वर्षमा १०० जना श्रमिकलाई रोजगारीमा पठाउन नसक्ने म्यानपावर कम्पनीको नवीकरण नहुने र इजाजतपत्र रद्द हुने कानुनी व्यवस्था छ । तोकिएको संख्या पुऱ्याउन नसक्ने म्यानपावर कम्पनीको इजाजतपत्र जोगाउन र नवीकरण गराउन नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सरकारसँग माग गर्दै आइरहेको छ ।

विभागले प्रकाशन गरेको आँकडाअनुसार चालु आवको यस अवधिमा द रिभर ओभरसिजले वैदेशिक रोजगारमा सबैभन्दा बढी श्रमिक पठाएको छ । उक्त म्यानपावर कम्पनीले पाँच हजार १२ जना नेपालीलाई विदेश पठाएको विभागले जनाएको छ । त्यस्तै, दोस्रोमा इन्टर नेसनल मेनपावर रिक्रुटमेण्ट रहेको छ । सो कम्पनीले पाँच हजार दुई जना श्रमिक पठाएको तथ्यांक छ । तेस्रोमा वाइडस्पेस इन्टरनेसनलले तीन हजार ९२० जनालाई रोजगारीका लागि विदेश पठाएको छ । चौथो स्थानमा रहेको नीलकमल हयुमन रिसोर्सले तीन हजार ६४१ जनालाई विदेश पठाएको छ भने पाँचौं स्थानमा रहेको एक्सेस पार्टनर्सले तीन हजार ४२८ जनालाई विदेश पठाएको विभागले उल्लेख गरेको छ । यसैगरी मोन्टेज ओभरसिज, मेरिडियन ओभरसिज, एसओएस म्यानपावर सर्भिस र मास हयुमन रिसोर्सले तीन हजारभन्दा बढी श्रमिक विदेश पठाएर रेकर्ड राखेका छन् । १४ वटा म्यानपावरले दुईदेखि तीनहजारको संख्यामा श्रमिकलाई रोजगारीका लागि विदेश पठाएको विभागको आँकडाले देखाएको छ । त्यस्तै ७७ वटा म्यानपावरले एक हजारदेखि दुई हजार श्रमिकलाई विदेश पठाएका छन् ।




**चालु आवमा धेरै श्रमिक पठाउने पाँच म्यानपावर**

| | |
|---|---|
| द रिभर ओभरसिज | : ५,०१२ जना |
| इन्टरनेसनल मेनपावर रिक्रुटमेण्ट | : ५,००२ जना |
| वाइडस्पेस इन्टरनेसनल | : ३,९२० जना |
| नीलकमल हयुमन रिसोर्स | : ३,६४१ जना |
| एक्सेस पार्टनर्स | : ३,४२८ जना |

## रोमानिया र मरिसस पठाइदिने भन्दै ठगी

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीमा पठाइदिने भन्दै विभिन्न व्यक्तिलाई ठगी गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । रोमानिया र मरिससमा आकर्षक तलबसहितको रोजगारी लगाइदिने भन्दै पीडितहरूबाट रकम संकलन गरी फरार रहेको आरोपमा ससिनकुमार थापा र भविन्द्रनाथ लामालाई प्रहरीले पक्राउ गरेको हो ।

बर्दियाको ठाकुरबाबा नगरपालिका स्थायी घर भई हाल काठमाडौं बाफल बस्ने २९ वर्षीय थापाले सन्तोष गुरुङसमेत दुई जनालाई रोमानिया जान प्रतिव्यक्ति छ लाख रूपैयाँ लाग्ने र त्यहाँ प्रतिष्ठित होटलमा काम लागाइदिने भन्दै पटक-पटक गरी चार लाख रूपैयाँ लिएर ठगी गरेको प्रहरीले जनाएको छ । उनले पीडितहरूलाई रोमानियामा एक लाख रूपैयाँभन्दा बढी मासिक तलब हुने भनी विश्वास दिलाई पैसा लिएर सम्पर्कविहीन भएको अवस्थामा पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

त्यस्तै सिरहाको गोलबजार नगरपालिका-६ स्थायी घर भई हाल काठमाडौं वनस्थली बस्ने ४४ वर्षीय लामाले यमबहादुर नेपालीलाई रोजगारीका लागि मरिसस जान चार लाख ५० हजार रूपैयाँ लाग्ने भन्दै पटक-पटक गरी पूरै रकम लिएर ठगी गरेको प्रहरीले जनाएको छ । मरिससमा गार्मेन्टसम्बन्धी काम गरेबापत मासिक एक लाख रूपैयाँ तलब हुने भन्दै विश्वास दिलाई प्रलोभनमा पारी रकम संकलन गरी सम्पर्कविहीन अवस्थामा लामालााई पक्राउ गरिएको प्रहरीले उल्लेख गरेको छ । उनलाई बनस्थलीबाट पक्राउ गरिएको हो ।

उनीहरू दुबै जनालाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको विशेष प्रहरी टोलीले पक्राउ गरेको हो । उनीहरूलाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभागमा बुझाइएको प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए ।



## 'नो भोट'...

पृष्ठ १ बाट जारी

भएको स्थानीय निर्वाचनमा तिङ्लाका स्थानीयले 'नो भोट'को सामूहिक निर्णय गरेका थिए ।

### समानुपातिकलाई दुईपटक मात्र मौका

मस्यौदामा प्रतिनिधिसभा वा प्रदेशसभा सदस्य निर्वाचनमा समानुपातिक प्रणालीबाट दुईपटक निर्वाचित भइसकेका व्यक्ति सोही निर्वाचनमा उम्मेदवार हुन नपाउने व्यवस्था गरेको छ। 'प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यमा समानुपातिक निर्वाचन प्रणालीबाट दुई पटक निर्वाचित भईसकेको व्यक्ति सोही निर्वाचन प्रणालीबमोजिम हुने निर्वाचनमा उम्मेदवार हुन नसक्ने,' आयोगको विज्ञप्तिमा उल्लेख छ ।

### निर्वाचनको मिति विधेयकमै तोकिने

आयोगले निर्वाचन हुने मिति विधेयकमै तोक्ने प्रस्तावसमेत मस्यौदामा उल्लेख गरेको छ । यसैगरी निर्वाचन प्रचारको अवधि पनि विधेयकमै लिपिबद्ध गर्ने आयोगले जनाएको छ। 'निर्वाचन हुने दिन र निर्वाचन प्रचारप्रसारको अवधि विधेयकमा नै किटान गर्ने,' आयोगले भनेको छ । विकसित मुलुकमा निर्वाचनका कार्यक्रम कानुनमै तोकिएको हुन्छ । सोहीअनुसार कार्यक्रम बन्दा समयमै निर्वाचन सम्पन्न हुने भए पनि नेपालमा भने चुनावका लागि सरकारको निर्णय नै पर्खनुपर्ने हुन्छ । त्यसैले यसपटक आयोगले निर्वाचन मिति र कार्यक्रम तोक्न दबाब बढाएको हो। आयोगले मतदाता नामावली संकलनलाईसमेत सहज हुनेगरी मस्यौदामा प्रस्ताव गरेको छ ।

मतदाता नामावली कुनै पनि निर्वाचन कार्यालयबाट दर्ता गर्न सकिने मस्यौदामा उल्लेख छ। 'कुनै पनि नेपाली नागरिकले आफू स्थायी बसोबास गरेको वडाको मतदाता नामावलीमा नाम दर्ता हुनेगरी कुनै पनि निर्वाचन कार्यालयबाट नाम दर्ता गर्न सक्ने,' मस्यौदामा भनिएको छ। मतदाता नामावली संकलन तथा अद्यावधिक गर्ने कार्य निर्वाचन कार्यालय वा सम्बन्धित स्थानीय तहमार्फत विद्युतीय माध्यमबाट नियमितरूपमा गर्ने आयोगले निर्णय गरेको छ ।

### उपनिर्वाचनमा अर्को क्षेत्रमा जान नपाइने, दल नत्यागी उम्मेदवार बन्न नपाइने

कुनै पनि पराजित उम्मेदवार आफ्नो क्षेत्रमाबाहेक अर्को क्षेत्रमा जान नपाइने व्यवस्थासमेत आयोगले मस्यौदामा समावेश गरेको छ । 'संघीय संसद्, प्रदेशसभा वा स्थानीय तहको सदस्य पदमा उम्मेदवार भई पराजित भएको व्यक्ति सोही निर्वाचन क्षेत्र वा तहको उपनिर्वाचनबाहेक त्यस्तो पदको कार्यकाल पूरा नभएसम्म कुनै पनि तहको निर्वाचनमा उम्मेदवार हुन नसक्ने,' आयोगको मस्यौदामा उल्लेख छ । यो निर्णय कार्यान्वयन भएमा निर्वाचनमा हारे पनि उपनिर्वाचनबाट जसरी पनि संसद् छिर्ने दाउ कसेका नेताहरूको बाटो बन्द हुनेछ । गत प्रतिनिधिसभा निर्वाचनमा सप्तरी-२ बाट पराजित जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव उपनिर्वाचनमा बारा-२ बाट निर्वाचित हुँदै संसद्मा छिरेका छन् ।

यसैगरी कुनै पनि दल नत्यागी अर्को दलको उम्मेदवार बन्न नपाइने व्यवस्था आयोगले गर्ने भएको छ । 'कुनै एक राजनीतिक दलको सदस्य रहेको व्यक्ति त्यस्तो दलको सदस्य पद त्याग नगरी अर्को राजनीतिक दलको तर्फबाट उम्मेदवार हुन नसक्ने,' आयोगको निर्णयमा भनिएको छ । गत निर्वाचनमा राप्रपा नेपालका अध्यक्ष कमल थापा नेकपा एमालेको सूर्य चिह्न लिएर चुनाव लडेका थिए । त्यसैगरी पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईपुत्री मानुषी यमी माओवादी केन्द्रको हँसिया हथौडा चुनाव चिह्न लिएर चुनावमा उत्रिएकी थिइन् । यद्यपि, उनीहरूलाई अर्को पार्टीको चुनाव चिह्न भने फापेन । अघिल्लो प्रतिनिधिसभाको निर्वाचनमा सूर्य चिह्न लिएर लड्दा तत्कालीन राष्ट्रिय जनता पार्टीका नेता हृदयेश त्रिपाठी भने निर्वाचित भएका थिए । यसरी अर्को पार्टीको चुनाव चिह्न लिएर लड्न नदिने प्रस्ताव आयोगले अघि सारेको हो ।

### अग्रिम मतदानको व्यवस्था

निर्वाचन कार्यमा खटिएका कर्मचारी तथा विदेश भ्रमणमा जानेहरूका लागि अग्रिम मतदानको व्यवस्थासमेत गरिने मस्यौदामा उल्लेख छ। 'प्रतिनिधिसभा सदस्यको समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत हुने निर्वाचनका लागि निर्वाचन कार्यमा खटिएका कर्मचारी वा सुरक्षाकर्मी, निर्वाचन पर्यवेक्षक, विदेश भ्रमणमा जाने र कुनै व्यापार, व्यवसाय, रोजगारी वा स्वास्थ्योपचार गराइरहेका मतदाताले तोकिएको मतदान केन्द्रमा उपस्थित भई अग्रिम मतदान गर्न सक्ने,' आयोगको निर्णयमा भनिएको छ । यसअघि निर्वाचन कार्यक्रममा खटिने र स्वतन्त्ररूपमा काम गर्ने पर्यवेक्षक, पत्रकारले मतदान गर्ने व्यवस्था थिएन । यसैगरी प्रतिनिधिसभा, प्रदेशसभा वा स्थानीय तहका सदस्यको निर्वाचनका दिन मतदान प्रक्रियालाई सहज बनाउन सार्वजनिक यातायातको आवश्यक व्यवस्थापन गर्नेसमेत आयोगको निर्णयमा भनिएको छ ।

### महिला उम्मेदवार ३३ प्रतिशत हुनैपर्ने

आयोगले तीनै तहको निर्वाचनमा महिलाको प्रतिनिधित्व बढाउन कम्तीमा ३३ प्रतिशत हुनैपर्ने व्यवस्था गरेको छ । 'प्रतिनिधिसभा वा प्रदेशसभा सदस्यका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ उम्मेदवारी दिँदा कम्तीमा ३३ प्रतिशत महिला उम्मेदवार दिनुपर्ने,' निर्णयमा भनिएको छ। त्यसैगरी स्थानीय तहको अध्यक्ष वा उपाध्यक्ष, प्रमुख वा उपप्रमुखमध्ये कम्तीमा एक जना महिला उम्मेदवार हुनुपर्ने व्यवस्था कायमै राखी एउटा पदमा मात्र उम्मेदवारी दिँदा महिला उम्मेदवार दिनुपर्ने एवं वडाध्यक्ष पदमा उम्मेदवारी दिँदा सम्बन्धित स्थानीय तहका सम्पूर्ण वडाध्यक्षमध्ये कम्तीमा ३३ प्रतिशत महिला उम्मेदवार दिनुपर्ने व्यवस्था गरिएको छ । आयोगले दलित, महिला, तोकिएको अपांगता भएको व्यक्ति, आर्थिकरूपले विपन्न वा लैंगिक तथा यौनिक अल्पसंख्यक, अल्पसंख्यक समुदायको उम्मेदवार भए धरौटी रकममा ५० प्रतिशत छुट हुने व्यवस्था गर्नसमेत प्रस्ताव गरेको छ ।

### उम्मेदवारको खर्चमा कडाइ

आयोगको मस्यौदामा निर्वाचनमा उम्मेदवारले मात्र नभई आफ्नो परिवारको सदस्यको नाममा रहेको सम्पत्ति विवरणसमेत पेस गर्नुपर्ने व्यवस्था गरेको छ । 'निर्वाचनमा उम्मेदवार हुने व्यक्तिले मनोनयनपत्र पेस गर्दा सिलबन्दी गरी आफू र आफ्नो परिवारका सदस्यको नाममा रहेको सम्पत्ति विवरण पेस गर्नुपर्ने,' आयोगको निर्णयमा उल्लेख छ। यसअघि उम्मेदवारको आफ्नो सम्पत्ति विवरणमात्र बुझाए हुने व्यवस्था रहेको थियो । आयोगले निर्वाचन खर्चको सीमा तोक्दा भौगोलिक क्षेत्रको विकटता वा दूरी, मतदान केन्द्रको संख्या, मतदाताको संख्या र यातायातको साधनको उपलब्धतासमेतको आधारमा फरक-फरक क्षेत्रमा निर्वाचन खर्चको सीमा फरक-फरक हुनेगरी तोक्न सक्ने उल्लेख गरिएको छ । त्यसैगरी उम्मेदवारले मनोनयनमा उल्लेख गरेको बैंक खाताबाट मात्र खर्च गर्ने गरी कडा व्यवस्था गर्न आयोगले प्रस्ताव गरेको छ । 'उम्मेदवारले निर्वाचनमा खर्च गर्दा मनोनयनपत्रमा उल्लेख गरेको बैंक खातामार्फत खर्च गर्नुपर्ने,' निर्णयमा भनिएको छ ।

### मतगणनासम्बन्धी व्यवस्था

आयोगले मतगणनासम्बन्धी व्यवस्थासमेत थप गरेको छ । अब मतदानस्थलमासमेत मतगणना गर्ने व्यवस्थाको प्रस्ताव गरिएको आयोगले जनाएको छ। हाल निर्वाचन क्षेत्रको केन्द्रमा मतपेटिका संकलन गरेरमात्र मतगणना गरिने व्यवस्था रहेको छ ।

मन्त्रिपरिषद्बाट २०७८ साल पुस १४ गते सैद्धान्तिक सहमति प्राप्त भई तयार गरिएको विधेयक तर्जुमा गर्ने क्रममा निर्वाचन सरोकारवालासँग सातवटै प्रदेश तथा केन्द्रमा छलफल एवं अन्तरक्रिया गरी संकलन गरिएको सुझावको आधारमा आयोगले मस्यौदा तयार पारेको जनाएको छ । आयोगले विभिन्न चरणमा निर्वाचन कानुनका विज्ञ तथा सरोकारवालाहरूको सुझावसमेतका आधारमा मस्यौदामा आवश्यक परिमार्जन गरी निर्वाचनसँग सम्बन्धित विद्यमान सातवटा ऐनका प्रावधान समेटी एकीकृतरूपमा तयार गरिएको जनाइएको छ ।

साविकको निर्वाचनसम्बन्धी कानुनमा परिमार्जन गरी 'निर्वाचन सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' गृह मन्त्रालयमार्फत संसद्मा पेस गर्ने निर्णयसमेत आयोगले गरेको छ । आयोगले तयार पारेको मस्यौदा विधेयक कानुनीरूपमा कार्यान्वयनमा आउन भने संघीय संसद्बाट पारित हुनुपर्नेछ ।

---

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सुचना प्रकाशित मिति :२०८०/०३/१९**

यस असारी सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७९/०८० मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको खयर जातको गोलिया थान ३५१ को ५३६.०६ घ.फि. गोलिया काठ तथा साल मिश्रीत २.५० चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानू पर्ने गरी लिलाम बिक्री गर्नूपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । काठ,दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका तथा डिभिजन वन कार्यालयमा सुचिकृत भएका उद्योगहरूले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२.०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस संबन्धी बिस्तृत जानकारीका लागी यस समूहमा सम्पर्क राख्नू हून जानकारी गराईन्छ । पूर्ण ब्यहोराको सूचना यस समुहको सुचना पाटीमा टांस गरिएको छ ।

**श्री असारी सामुदायिक वन उपभोक्ता समूह**
**मधुवन नगरपालिका-२ खैरेनी बर्दिया**

---

## गोलिया काठ बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :२०८०/०३/१९**

**श्री खयरभट्टी सामुदायिक बन उपभोक्ता समूह** बबई ५ दाङको बनबाट उत्पादन भई बबई ५ सिमगैरामा घाटगद्दी गरी राखिएको साल जातको काठ ३१२७.५० क्य.फि. र अन्य जातको काठ ७५.०२ क्यू.फि. साल दाउरा ११.७५ चट्टा जे जस्तो अबस्थामा छ सोही अबस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारको ब्यबसाय गर्ने व्यक्ति, संघ सस्था, फर्म वा कम्पनिले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धि बिस्तृत जानकारीको लागि यस सामुदायिक बन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक बन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा, डिभिजन बन कार्यालयमा घोराही दाङमा र दाङ जिल्ला स्थित अन्य कार्यालयहरूमा समेत टाँस गरिने छ ।

**श्री खयरभट्टी सामुदायिक बन उपभोक्ता समुह बबई गा.पा. वडा नं. ५ दाङ ।**

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७३/०१/१५ मा दर्ता भएको **प्रा.लि. नं. १४८३९६** को **बिराट वायर्स इण्डष्ट्रिज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०९०/०३/१८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालय**
त्रिपुरेश्वर, काठमाडौं, नेपाल

## कम्पनी खारेजीको सूचना

प्रा.लि.द.नं.२६७८०/०७७/०७८ को **डाइम्स नेपाल प्रा. लि.** को मिति २०८०/०२/२७ मा सम्पन्न बिशेष साधारण सभाले कम्पनीको दर्ता खारेजी गर्ने निर्णय भए बमोजिम यस कम्पनीसँग कसैको लिनु दिनु पर्ने भएमा सप्रमाण यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र उल्लेखित ठेगानामा सम्पर्क राख्नुहोला अन्यथा कानुन बमोजिम कम्पनी खारेज भइ जाने ब्यहोरा सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्विडेटर : अधिबक्ता बलभद्र खनाल दामाशाही ब्यबसायी इ.नं. २५३**
बुढानिलकण्ठ न.पा.-१०, कपन, काठमाण्डौं, मो. नं. ९८४१४६८२३४,
मिति : २०८०/०३/१९

---

## गोलिया काठ तथा दाउरा बिक्री सम्बन्धि सुचना
## दयालु सामुदायिक वन उपभोक्ता समूह, उदयपुरगढी ५ उदयपुर

प्रथम पटक प्रकाशित मिति २०८०।०३।१९

यस सामुदायिक वनबाट आर्थिक वर्ष २०७९/८० को बिधिवत रुपमा कटान मुछान गरि समूहको घाटगद्दीमा रहेको लट नं. १ र २ को साल जातको गोलिया थान ७४ को ९९९.२४ क्यू.फि. र दाउरा चट्टा २.० मात्र समूह बाहिर बिक्री गर्नु पर्ने भएकोले वन कार्यालयमा सुचिकृत भएको ईच्छुक काठ चिरान गर्ने स:मिलहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोल पत्र फारम खरिद गरि दाखिला गर्न सूचना प्रकाशन गरिएको हो । पूर्ण व्यहोराको सूचना समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

---

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालय**
त्रिपुरेश्वर, काठमाडौं, नेपाल

## कम्पनी खारेजीको सूचना

प्रा.लि.द.नं.२७८०५७/०७८/०७९ को **ग्राभिटी ट्राभल नेपाल प्रा. लि. को** मिति २०८०/०२/२५ मा सम्पन्न बिशेष साधारण सभाले कम्पनीको दर्ता खारेजी गर्ने निर्णय भए बमोजिम यस कम्पनीसँग कसैको लिनु दिनु पर्ने भएमा सप्रमाण यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र उल्लेखित ठेगानामा सम्पर्क राख्नुहोला अन्यथा कानुन बमोजिम कम्पनी खारेज भइ जाने ब्यहोरा सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्विडेटर : अधिबक्ता बलभद्र खनाल दामाशाही ब्यबसायी इ.नं. २५३**
बुढानिलकण्ठ न.पा.-१०, कपन, काठमाण्डौं, मो. नं. ९८४१४६८२३४,
मिति : २०८०/०३/१९

---


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAMYE FOOD INDUSTRIES SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०४/२९ पून स्वीकृति मिति २०८०/०३/१९ LT. No. 269436 चलानी नं. ६०१८५३५६

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रु. | | | | | | | |
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४१,९२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २६ गते (11th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MEHANDI OVERSEAS PVT. LTD.**
Sinamangal-9, Airport, Kathmandu, Tel:- 01 4581856
Mobile : 9851134306, Email:mehendioverseas2074@gmail.com
श्रम ईजाजत नं. ११५७/०७३/०७४



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TESTING HOUSE MALAYSIA SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०३/१९ LT. No. : 288833 चलानी नं.६०२०४२११

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रु. | | | | | | | |
| 1 | factory worker | 20 | 0 | 1500 | ४१,९२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २६ गते (11th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Greenland Services Pvt. Ltd.**
"A Complete Ethical Recruitment Agency"
श्रम ईजाजत नं. १५९३/०७९/०८०
Basundhara,Kathmandu, Nepal
Tel: +977 1 5916353
Email: greenlandnepal@gmail.com, Website: www.greenlandnepal.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GREEN CITY CONTRACTING AND SERVICES WLL

पूर्व स्वीकृति मिति : २०८०/०३/१७ LT. No.288875 चलानी नं. ६०२०४१६३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रु. | | | | | | | |
| 1 | Driver | 1 | 0 | 1400 | ५०,४६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 1 | 2 | 1000 | ३६,०४० | | | | | | | |
| 3 | Labour | 5 | 0 | 1000 | ३६,०४० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २६ गते (11th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777
E-mail: info@sunlightrecruitment.com.np,
sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GOLD LI DEVELOPMENT SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०६/२१ पुन विज्ञापन स्वीकृति मिति: २०८०/०३/१८ LT. No. 273023 चलानी नं. ६०१८८७१८

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रु. | | | | | | | |
| 1 | Construction Workers | 70 | 0 | 1500 | ४१,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २६ गते (11th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Swift H.R. Solution Pvt. Ltd.**
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com
श्रम ईजाजत नं. ११९७/०७३/०७४


---

नेपाल सरकार
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
## राष्ट्रिय तथ्याङ्क कार्यालय
थापाथली, काठमाडौँ

## प्रस्ताव स्वीकृत गरिएको सूचना

**(सूचना प्रकाशित मिति २०८०/३/१९)**

यस कार्यालयबाट मिति २०८०।२।३१ मा प्रकाशित पुराना कागज लिलाम बिक्री गर्नेसम्बन्धी सूचनाअनुसार दर्ता हुन आएका सिलबन्दी प्रस्तावहरुमध्ये सोही सूचनामा तोकिएका योग्यताका आधारहरु पूरा गरी सबैभन्दा बढी दररेट कबोल गर्ने देहायको प्रस्तावदाताको प्रस्ताव मिति २०८०।३।१८ को निर्णयानुसार स्वीकृत गरिएकाले सम्बन्धित सबै प्रस्तावदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै प्रस्ताव स्वीकृत भएको प्रस्तावदाताले यो सूचना प्रकाशित भएको मितिले सात दिनभित्र सम्झौता गर्न यस कार्यालयमा आउनु हुन समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

| सि. नं. | प्रस्ताव संकेत नं. | प्रस्ताव स्वीकृत भएको प्रस्तावदाताको | |
|---|---|---|---|
| | | नाम, ठेगाना | प्रति केजी कबोल अंक |
| १ | 4/NSO/79/80 | श्री गौरव सप्लायर्स, काठमाडौँ | रु. ९/२५ |

---

**Sunapati Rural Municipality**
**Office of the Municipal Executive**
**Hiledevi, Ramechhap**

## NOTICE OF INTENT TO AWARD THE BID

***First Date of Publication: 04/07/2023 (2080/03/19) Tuesday***

This is to notify all the bidders that it is our intent to Award the Contractor for bid notice dated Jestha 30th 2080 (13-06-2023), for execution of the contract as mentioned below to the bidder with bid prices corrected and modified in accordance with Clause 27(Sub clause-2) of Public Procurement Act, 2063 along with the instructions to the bidders and hereby selected substantially responsive Lowest Evaluated Bid.

| S.No. | Contract No: | Name of Project | Selected Bidder's Name & Address | Bid Amount |
|---|---|---|---|---|
| 1 | SUN/G/SQ/01/2079/080 | Agriculture Equipment Subsidy Program | Smart Power Pvt. Ltd., Balkhu, Kathmandu | 19,80,000/- |

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### देशमै गरिखाने वातावरण बनाऊ

**हरेक पटकको चुनावमा दलहरूको नारा हुन्छ, स्वदेशमै रोजगारी । तर, जुनसुकै नेताले स्वदेशमै रोजगार सिर्जना गर्ने भनेर जतिसुकै ठोकुवा गरे पनि वैदेशिक रोजगार अपरिहार्य भइसकेको छ । 'सूर्य अस्त, नेपाल मस्त' भनेझैं नेपालमा न त व्यवसायको वातावरण छ, न त पूर्ण रोजगारको ।**

**नेपाली शिक्षाको पाठ्यक्रम हेर्ने हो भने झनै विरक्तलाग्दो छ स्थिति । १६/१७ वर्ष समय र जवानी शिक्षामा बिताएर सर्टिफिकेट लिएका युवालाई सरकारले कृषिमा ऋण दिन्छ । पुरानै दैनिकीमा फर्कनुपर्दा व्यक्तिले शिक्षामा गरेको लगानी त बालुवामा पानी हुने भयो नै राज्यको लगानी पनि स्वाह नै हुन्छ । अझ ऋणै लिएर डिग्री लिएपछि फेरि ऋणै लिएर कृषिमा फर्कनुपर्दा को टिक्ला नेपालमा ?**

**यो हो ७० को दशकमा युवाले भोगेको समस्या । अहिले यो समस्याबाट चेत लिएकाहरूले आफ्ना छोराछोरीलाई सानैबाट महजोडीको दाल, भात, तरकारी चलचित्रको 'भिजिट भिसामा हजुर भिजिट भिसामा, भुइँ छोडेर उड्ने हजुर पश्चिम दिशामा' भन्ने गीतकै लयमा तयारी गराउँछन् । भए अमेरिका, क्यानडा, नभए अस्ट्रेलिया जापान । त्यता पनि भाग्य नलागे मलेसिया र खाडी छँदै छ ।**

**यही दौरानमा युवाहरू ठगिएका छन् । नेपालमै सरकारबाट लुटिएका छन् । अनधिकृत दलालबाट लुटिएका छन् । पछिल्लो नक्कली शरणार्थी प्रकरण यसको ज्वलन्त उदाहरण हो । बन्द भइसकेको शरणार्थी कोटामा त युवाहरू फसे भने खुला देशहरूमा लोभिनु ठूलो कुरा रहेन । यो प्रकरणमा २३ करोड बराबरको ठगी भएको खुलेको छ । तर यो भन्दा विकराल रिपोर्ट छ वैदेशिक रोजगारी । विभिन्न स्थानमा लैजाने प्रलोभन देखाएर ठगी गर्ने क्रम दैनिक चलिरहेकै छ । एजेन्ट र बिचौलियाबाट भइरहेको ठगी कार्य अनियन्त्रित जस्तै बनेको छ ।**

**नेताहरू चुनावमा गाउँलाई बसुँबसुँ लाग्ने वातावरण बनाउँछु भन्दै जितेर नफर्केको धेरै भइसक्यो । यस्तै नारा लिएर जितेर पाँच वर्षपछि फर्केकाहरूलाई जनताले मतदानबाट पाता कसेर लडाएर पठाएको घटना छलंगै छ । तर यो त एउटा प्रक्रिया हो, एउटा नेता हारे अर्को नेताले जित्छन् नै । तिनले प्रणाली सुधार्ने र सुशासन बनाउनेतर्फ ध्यान नदिँदा ठगी जस्ताको तस्तै छ । साँझ नपर्दै प्रहरी खटाएर पसल बन्द गराउने विधिले देश बन्दैन । त्यसैले वैदेशिक रोजगारीमा हुने ठगी रोक । देशमै गरिखाने वातावरण बनाऊ ।**

## मनन्योग्य

### चाणक्य नीति

अनि के, राक्षसले आवेश र जिज्ञासाले सोधे । अनि चाणक्यका आज्ञाले सबै नियम तोड्दै सेल्युकसलाई सहायता दिने राजा आम्भी र उनका छोरालाई मृत्युलोक पुयाइदिए- सैनिकले उत्तर दिए । यो मुनी राक्षस, पुरु, मलय तीनैजना आवेशमा यताउति टहलन लागे । पुरुले भने लाग्छ चाणक्यलाई हाम्रो कुचक्रको बारे थाहा भयो ।

सेनानायकले भने- 'मैले बुझ्न सकिन, चन्द्रगुप्तलाई कसरी हामीप्रति विश्वास भयो । जुन समय चन्द्रगुप्त युनानीसँग घोर युद्ध गरिरहेथे । त्यसबेला हामी सहायताका लागि नजिकै खड°ा थियौं । हाम्रो सेना प्रधानसेनापतिको आज्ञाको प्रतीक्षामा थियो तर जब आज्ञा आउन ढिलो भयो हाम्रा तर्फबाट कुनै सहायता भएन ।

थाहा छैन चन्द्रगुप्तको सेनामा के सांकेतिक शब्द भयो, उनको एक टुकुडी हामीमाथि आइलाग्यो । हामी यो अपर्झटको हमलाका लागि तयार थिएनौं । हाम्रा धेरै सैनिक मरे । केही सैनिक मात्र प्राण बचाएर भाग्न सफल भयौं ।'


रक्ताम्य सेनानायक आफ्नो उपचार गराउन हिँडे। पुरु र राक्षस विचारमा मग्न रहे । चिन्तातुर हुँदै राक्षसलाई हेर्दै पुरुले भने- 'अब के हुन्छ ? हुन्छ के ? अब पनि हामी आफ्नो शक्ति एकत्र गर्छौं। यदि चन्द्रगुप्तले कैकेयपट्टि हेर्ने साहस गरे त्यो महंगो हुनेछ सुतका राजा चित्रवर्मा, मलायाधिपति सिंहनाद कश्मीर नरेश पुष्करनवन, सिन्धुपति सिन्धुसेनलाई निमन्त्रणा पठाउनुहोस् । आफ्नो सेना तयार राख्नोस मी चन्द्रगुप्तसँग प्रत्यक्ष युद्ध पनि गर्नसक राक्षसले अनुहार कालो नीला पाई हत्केलामा हातले हिर्काउदै भने ।

तपाईंको साहस धन्य छ मित्र ? यत्रो सम्पूर्ण कुरा भइसक्दा पनि फेरि त्यही उत्साह ?

केही सोच्दै राक्षसले आफ्नो सबैभन्दा योग्य र विश्वस्त गुप्तचर विराधलाई भन्न लागे- 'तिमी आफ्नो समाचार सुनाऊ मित्र ? अब तिमी नै भन चाणक्यलाई कसरी जित्ने ?'

तपाईंको कृपा मालिक ! हामी शत्रुलाई शत्रुकै तीरले मार्छौं । मैले चाणक्यको 'कौटिल्य अर्थशास्त्र' मागेर पढें । त्यसमा शत्रुनाशका धेरै कुरा लेखिएका छन् हामी चन्द्रगुप्तको सेनामा विद्रोहको बीउ रोप्छौं । राज्याधिकारी र मन्त्रीहरूमा स्वार्थको बीउ हालेर फुट पैदा गर्छौं । क्रमशः

# स्थानीय तहबाट प्रस्तावित नमूना कार्यक्रम



नेत्र सुवेदी 'प्रयास'

केही स्थानीय तहहरूले घोषणा गरेको केही मुख्य कार्यक्रमहरूलाई हेर्दा नागरिकलाई सेवा सुविधा प्रदान एवं जीवनस्तरमा सुधार गर्न तथा भौतिक पूर्वाधारको विकास गर्न खोजेको देखिन्छ । प्रस्तावित कार्यक्रमहरूमा मौलिकता त छँदै छ कार्यान्वयनको चुनौती पनि छ । संघीय संरचनामा स्थानीय तहहरूले अघि सार्ने वार्षिक कार्यक्रमहरु र ती कार्यक्रमको इमान्दारपूर्ण कार्यान्वयन दुवैले विशेष अर्थ राख्दछन् । नजिकको सिंहदरबार पनि भनिने स्थानीय तहको कार्यसम्पादनमा नै सुशासन र समृद्धि भर पर्दछ ।

नेपालको संविधानअनुसार तोकिएको दिन अर्थात् असार १० गतेभित्रै अधिकांश स्थानीय तहले आफ्नो सभासमक्ष बजेट पेस गरेका छन् । संघीयता कार्यान्वयनसँगै तीन तहका सरकारहरूले आर्थिक वर्ष थालनी हुनुअघि वर्षभरि गरिने योजना र त्यसको कार्यान्वयनका लागि आवश्यक रकमको प्रबन्धसहित जनतालाई प्रदान गरिने सेवालाई नीति तथा कार्यक्रम र बजेटमार्फत प्रस्तुत गरिएका छन् । यद्यपि, केही पालिकाहरूको बजेट समयमा प्रस्तुत हुन सकेका छैनन् ।

संघीयता कार्यान्वयनपछि पहिलो कार्यकालमा नीति निर्माण र आवश्यक भौतिक संरचनामा नै अधिकांश समय व्यतित भए पनि दोस्रो कार्यकालदेखि तिनको कार्यान्वयनको थालनी भएका छन् । यसले स्थानीय विकास निर्माण र जनताका जीवनयापनमा उल्लेखनीय सुधार ल्याउने लक्ष्य राखिएको छ । यस लेखमा केही पालिकाहरूले आफ्नो पालिकाभित्र वर्षभरि सम्पादन गरिने कार्यक्रम र त्यसको कार्यान्वयनका लागि बजेटको विनियोजनका उदाहरणीय योजनाहरू प्रस्तुत गरिएका छन् ।

भरतपुर महानगरपालिकाले आफ्नो वार्षिक नीति तथा कार्यक्रममा सहरी पूर्वाधार, अधुरा आयोजनालाई पूर्णता दिने, भूउपयोग तथा बस्ती विकासका कार्यक्रमको सञ्चालन गर्ने, हाम्रो सहर, हरियाली तथा स्वच्छ सहरको अवधारणाअन्तर्गत सडक किनारामा वृक्षरोपण गर्ने भएको छ । मागमा आधारित उद्यम विकास तालिम, 'श्रमको सम्मान राष्ट्रको स्वाभिमान' भन्ने नाराका साथ पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन तथा शिक्षामा सुधारका लागि एक कक्षा एक शिक्षक, मेयरसँग विद्यार्थी, मौलिक र व्यावहारिक शुक्रबारजस्ता कार्यक्रमहरूको कार्यान्वयन गर्ने प्रस्ताव गरेको छ ।

भरतपुर भ्रमण वर्ष २०२४ मा विविध पर्यटकीय क्रियाकलापहरूः पर्यापर्यटन, सांस्कृतिक पर्यटन, धार्मिक पर्यटन, साहसिक पर्यटन, जल पर्यटन, माइस पर्यटन, कृषि पर्यटन, स्वास्थ्य पर्यटन, सहकारी पर्यटन, खेल पर्यटन, शैक्षिक पर्यटन सञ्चालन गरी दुई लाख पर्यटक भित्र्याउने लक्ष्य रहेको । भरतपुर-पोखरा-लुम्बिनी स्वर्ण त्रिकोण पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने भएको छ । लगानी सम्मेलन आयोजना गरी लगानी आकर्षित गर्ने जनाएको छ । यसैगरी स्वस्थ आहार स्वस्थ व्यवहार, हरेक घर सम्मानित घरको अवधारणा लागू गर्ने, रोजगारी सिर्जना हुने तथा ठूला मेसिनरी औजार प्रयोग नहुने योजनाहरू मात्र उपभोक्ता समितिबाट गर्ने तथा जनसहभागिता नजुट्ने योजना बोलपत्रको माध्यमबाट कार्यान्वयन गर्ने नीति लिनुका साथै प्रविधि प्रसार कार्यक्रम सञ्चालन । खेतीयोग्य जमिनमा सिँचाइका लागि जीर्ण अवस्थामा रहेका नहर एवं कुलो मर्मत गर्नुको साथै साना सिँचाइका लागि अनुदानको व्यवस्था गरेको छ ।

यसैगरी ललितपुर महानगरपालिकाले 'ललितपुरको समृद्धि र सुशासनको आधार, सम्पदा संस्कृतिसहितको स्मार्ट सेवा पूर्वाधार'को अवधारणा अघि सारेको छ । नगरभित्र हरियाली पार्क निर्माण, साइकल लेन, स्मार्ट सडक बत्तीको व्यवस्था, किसानहरूलाई सहुलियत कर्जाका लागि बीउ पुंजीको व्यवस्था, विद्युतीय शवदाह गृह निर्माण र सुविधासम्पन्न दमकलको व्यवस्था गर्ने प्रतिबद्धता जनाइएको छ । यस्तै हस्तकला प्रवर्द्धन, सडक पूर्वाधार निर्माण, सम्पदा संरक्षणमा विशेष जोड, अपांगतामैत्री फुटपाथ निर्माण र 'एक वडा एक उद्यान, एक घर एक बोट' अभियान सञ्चालन गरी नगरको हरियाली प्रवर्द्धन तथा आयआर्जनका अवसरहरूलाई विस्तार गरिने नगरपालिकाको योजना एवं कार्यक्रम रहेको छ ।

काठमाडौं महानगरपालिकाले महानगर गौरवका योजना १०, महानगर स्वर्णिम योजना २५ र महानगरका प्राथमिकताप्राप्त (वडाबाट प्राप्त) योजना कार्यान्वयनमा ल्याउने भएको छ । 'गरिखाने शिक्षा, महानगरको इच्छा' भन्ने नयाँ कार्यक्रमको कार्यान्वयन, 'सुलभ स्वास्थ्य सेवा, नागरिकलाई टेवा'अन्तर्गत सरल र सुलभ स्वास्थ्य सेवा सञ्चालन तथा धुलोरहित काठमाडौंअन्तर्गत सडक तथा सडकपेटी मर्मत एवं अस्फाल्ट प्लान्ट स्थापनामा जोड दिइएको छ । यस्तै पूर्वाधार एम्बुलेन्स प्रयोग, होर्डिङ बोर्ड र तार व्यवस्थापन गरी सहरी सौन्दर्य कायम गर्ने, सहरी पूर्वाधार एवं शिक्षा क्षेत्रको सुधारलाई महानगरले उच्च प्राथमिकतामा राखेको छ ।

पोखरा महानगरपालिकाले प्राकृतिक सम्पदा एवं स्रोतहरूको संरक्षण र सम्बर्द्धनमा जोड दिएको छ । फेवाताल किनार लेकसाइडलाई चौबिसै घण्टा खुल्ला गर्ने अवधारणा कार्यान्वयनमा ल्याइने, सिमसार र जलाधार क्षेत्रको संरक्षण गर्ने, फिर्केखोला संरक्षण (फुटपाथ तथा साइकल लेनसहित) र 'एक घर एक बिरुवा अभियान' सञ्चालन गर्ने भएको छ । यस्तै युवासँग महानगर अभियानमार्फत सीप र प्रविधिमा लगानी प्रवर्द्धन गरिने, सामुदायिक वन समूहसँग सहकार्य गरी बाँदर व्यवस्थापन गरिने, सार्वजनिक यातायातमा जिपिएस र विद्युतीय भुक्तानी प्रणाली जडान गरिने र सार्वजनिकस्थलमा प्लास्टिकका झोला, पानीका बोतल विसर्जन गर्ने र जलाउने कार्य प्रतिबन्ध लगाउने भएको छ । वीरगञ्ज महानगरपालिकाले शिक्षा, स्वास्थ्य, सरसफाइ र वातावरणलाई प्राथमिकता दिएको छ भने डिजिटल सेवा प्रवाहमा जोड दिएको छ ।

यसैगरी बुटवल उपमहानगरपालिकाले शिक्षा र स्वास्थ्यलाई प्राथमिकता, गृहिणी महिला रोजगार कार्यक्रम कार्यान्वयन, उपप्रमुख दुग्धवर्द्धक जडीबुटी वितरण कार्यक्रम र उज्यालो बुटवल कार्यक्रमलाई समावेश गरेको छ । साथै, एकल महिला, लैंगिक तथा यौनिक अल्पसंख्यक व्यक्तिले रिक्सा र टेम्पोको सवारीधनी भई चालकसमेत भएकामा प्रोत्साहन गर्न नवीकरण शुल्कमा २५ प्रतिशत छुटको व्यवस्था गरी सहुलियत प्रदान गरेको छ ।

इटहरी उपमहानगरपालिकाले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा नवप्रवर्तन, अनुसन्धान तथा 'आइडिया इभेन्ट' कार्यक्रम, विद्युतीय बस सञ्चालन र चार्जिङ स्टेसन निर्माण, रात्रिकालीन बजार सञ्चालन तथा सामुदायिक विद्यालयको शैक्षिक गतिविधि निगरानी गर्न सिसी क्यामेरासहितको निगरानी कक्ष स्थापना गर्ने उल्लेख छ ।

धरान उपमहानगरपालिकाको खानेपानी, पूर्वाधार विकास, पर्यटन, कृषि, शिक्षा स्वास्थ्य तथा सामाजिक विकास र विपद् व्यवस्थापन क्रमशः प्राथमिकतामा रहेको छ भने घरघरमा गमलामा अनिवार्य खुर्सानी उमार्ने नीति रहेको र सयपत्रीको फूल पनि नगरपालिकाभरि लगाउन नगरवासीलाई प्रोत्साहित गरिएको छ ।

वीरेन्द्रनगर उपमहानगरपालिकाले पनि 'शैक्षिक प्रशासनिक र पर्यटकीय सहर, स्वच्छ समुन्नत वीरेन्द्रनगर' सोचबाट निर्देशित कार्यक्रमलाई प्राथमिकता दिएको छ । यसबाहेक, खानेपानीको समस्या समाधानका पहलहरू, प्रादेशिक शैक्षिक हबको रूपमा विकास, सहरी सौन्दर्यीकरण, फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन, एक वडा एक खुल्ला क्षेत्र, छाडा पशु नियन्त्रण तथा गौशाला सञ्चालनजस्ता कार्यक्रममा जोड दिएको छ । भूमि, कृषि र पशुपालनलाई पहिलो प्राथमिकतामा राख्दै सहकारी, घरेलु उद्योग, पर्यटन प्रवर्द्धन, युवा उद्यम, महिला स्वरोजगारलगायतका कार्यक्रम सञ्चालन, विद्युतीय सुशासन विस्तार तथा विद्युतीय प्रशासनिक नियमन, बुबा-आमासँग सञ्चो-विसञ्चो नामक स्वास्थ्य अभियान सञ्चालनजस्ता नयाँ कार्यक्रमहरू पनि समावेश गरिएको छ ।

यसैगरी धनगढी उपमहानगरपालिकाले विभिन्न क्षेत्रगतरूपमै लक्ष्य निर्धारण गरेको छ । उपमहानगरपालिकाले आगामी आवको नीति तथा कार्यक्रममा आर्थिक विकास पाँच प्रतिशत, सामाजिक विकास ४४.२० प्रतिशत, पूर्वाधार विकास १९ प्रतिशत, सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्र तीन प्रतिशत र कार्यालय सञ्चालन २८.८ प्रतिशतमा हुने लक्ष्य लिएको छ ।

घोराही उपमहानगरपालिकाले कृषि उत्पादन र उत्पादकत्व वृद्धि, सामुदायिक विद्यालयको भौतिक सुधार, शैक्षिक गुणस्तर वृद्धि, आधारभूत स्वास्थ्य, उद्यमशीलताको विकास, रोजगारीका अवसर सिर्जना र सडक पूर्वाधारमा नागरिक पहुँच वृद्धिजस्ता कार्यक्रमलाई बजेटमा प्राथमिकता दिएको छ । यसैगरी खाद्यान्न बालीको उत्पादन र उत्पादकत्व वृद्धि गरी निर्यातलाई प्रवर्द्धन गर्ने र तरकारीमा आत्मनिर्भरता विकास गर्ने, कृषि मोबाइल एप सञ्चालन, प्रत्येक नमूना माध्यमिक विद्यालयहरूमा स्वास्थ्यकर्मी व्यवस्थापन, लागुऔषध दुर्व्यसनीमुक्त नगर घोषणा र सिकलसेल एनिमिया रोगको नियमित जाँचका लागि मेसिन खरिदमा बजेट विनियोजन गरेको छ ।

त्यसैगरी देशका अन्य नगरपालिका र गाउँपालिकाहरूले पनि आ-आफ्नै आवश्यकता र क्षमताअनुसारका कार्यक्रम प्रस्ताव गरेका छन् । व्यास नगरपालिका, तनहुँले कृषि, स्वास्थ्य र पर्यटनलाई प्राथमिकतामा राखेर नगरपालिकाले आर्थिक समृद्धि हासिल गर्ने, बुधबारे हाटबजार पुनःसञ्चालनमा ल्याउने, एक वडा एक फलफूल, पुष्पखेती तथा तरकारी नर्सरी स्थापना गरिने, टाकुरा पर्यटन सञ्जाल, पर्यटन प्रवर्द्धन सूचना केन्द्र स्थापना गरिने र विषय विज्ञहरूको अनुभव, परामर्श, सल्लाहको सदुपयोग हुनेगरी कार्यक्रम अघि सारेको छ ।

त्यस्तै मकवानपुरको थाहा नगरपालिकाले अबको कदम लघु उद्यम तथा पाहुनालाई कोसेली, स्थानीयलाई रोजगारीजस्ता नाराका साथ आफ्नो बजेट प्रस्तुत गरेको छ । चितवनको कालिका नगरपालिकाले मह, च्याउ, केरा, कोदो, फापर र पिँडालुजस्ता स्थानीय उत्पादनलाई गुणात्मक वृद्धि गर्दै 'मेक इन कालिका' प्रतीक चिह्न राखेर बजारीकरण गर्ने नीति लिएको छ भने सुशासनका लागि शून्य बेरुजुको नीति अवलम्बन गर्ने तथा प्रशासकीय कार्यविधि (खर्च मापदण्ड तथा आर्थिक नियन्त्रण) ऐन, २०७९ लागू गर्नेजस्ता असल पहलसमेत गरेको छ ।

त्यसैगरी रूपन्देहीको तिलोत्तमा नगरपालिकाले पेस गरेको बजेटमा मूलतः शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधारलाई जोड दिएको छ भने सैनामैना नगरपालिकाले कृषि क्षेत्रको प्रवर्द्धन, सामाजिक विकास, पर्यटन प्रवर्द्धन र शिक्षा क्षेत्रको विकासमा प्राथमिकता दिएको बुझिएको छ । सिरहाको लहान नगरपालिकाले 'हाम्रो लहान, सभ्य, सुन्दर र समुन्नत लहान'को नारा कार्यान्वयन गर्न शिक्षा, स्वास्थ्य र कृषिलाई प्राथमिकतामा राखेको छ । शिक्षा सुधारका २६ बुँदे कार्यक्रमअन्तर्गत सामुदायिक विद्यालयमा कक्षा तीनसम्म अंग्रेजी माध्यमबाट सिकाइमा सुधार, स्थानीय पाठ्यक्रम अवलम्बन, विद्यालयमा नर्सको व्यवस्था, छात्रवाससहितको प्राविधिक विद्यालय सञ्चालन गर्नेलगायतका कार्यक्रम समावेश गरेको छ ।

कृषितर्फ कस्टम हायरिङ सेन्टर स्थापना, लहानको आँपलाई ग्रेडिङ प्याकेजिङ तथा ब्राण्डिङ गरिने, कृषकलाई अनलाइन सूचीकरण गरी किसान कार्ड लागू गरिने, सिँचाइ सुविधामा जोड दिएको छ भने स्वास्थ्यतर्फ एक नगर अस्पताल निर्माण गरिने, स्वास्थ्य चौकीको स्तरोन्नति गरिने, बर्थिङ सेन्टर स्थापना, निःशुल्क एम्बुलेन्स तथा शववाहन सेवा सञ्चालन गर्ने जनाएको छ । पाँचथरको फिदिम नगरपालिकाले एक वडा एक उत्पादन र विद्यार्थीका लागि पढ्दै कमाउँदै जस्ता कार्यक्रमलाई प्राथमिकता दिँदै कृषि पशुपालन र सुशासनसँगै पर्यटन र पूर्वाधार विकासका लागि स्रोतको व्यवस्था गरेको छ ।

त्यसैगरी गुल्मीको गुल्मी दरबार गाउँपालिकाले कृषि, शिक्षा, स्वास्थ्य, रोजगार र पूर्वाधारको क्षेत्रलाई बजेटको मुख्य प्राथमिकतामा समेटेको छ । मकवानपुरको राक्सिराङ गाउँपालिकाले 'सुन्दर समाज हाम्रो सार, बसाइँ सरी आउनेलाई घर उपहार' नाराका साथ गाउँपालिकामा बसाइँ सरेर आउन प्रोत्साहित गरेको छ । धनकुटाको महालक्ष्मी नगरपालिकाले शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारी, उद्यमशीलता र विपद् व्यवस्थापनलाई मुख्य प्राथमिकतामा राखेको छ ।

अन्त्यमा, केही स्थानीय तहहरूले घोषणा गरेको केही मुख्य कार्यक्रमहरूलाई हेर्दा नागरिकलाई सेवा सुविधा प्रदान एवं जीवनस्तरमा सुधार गर्न तथा भौतिक पूर्वाधारको विकास गर्न खोजेको देखिन्छ । प्रस्तावित कार्यक्रमहरूमा मौलिकता त छँदै छ कार्यान्वयनको चुनौती पनि छ । संघीय संरचनामा स्थानीय तहहरूले अघि सार्ने वार्षिक कार्यक्रमहरू र ती कार्यक्रमको इमान्दारपूर्ण कार्यान्वयन दुवैले विशेष अर्थ राख्दछन् । नजिकको सिंहदरबार पनि भनिने स्थानीय तहको कार्यसम्पादनमा नै सुशासन र समृद्धि भर पर्दछ । *रासस*

***(लेखक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव हुन्)***






वैकुण्ठ भण्डारी

# सेता कपडाभित्रको कालो कर्म !

सेता कपडा । निश्कलंकको प्रतीक । कुनै पनि दाग नभएको । कुनै पनि दोष नभएको । सम्मानित अनि शान्ति र सभ्यताको सूचक । हरेक दृष्टिकोणले सेतो कपडालाई निकै नै राम्रो मानिन्छ । शान्तिको प्रतीक पनि हो सेतो कपडा । त्यसैले होला स्वास्थ्य सेवामा काम गर्ने नर्स र डाक्टरहरूले सेतो गाउन लगाउँथे जुन अहिलेसम्म पनि चलि नै रहेको छ ।

पछिल्लो समय नेपालमा पनि सरकारी कर्मचारीहरूका लागि सेतो कपडा अनिवार्य गरियो । किन सेतो कपडा अनिवार्य गरियो ? सबैले आ-आफ्नो तर्क देलान् तर मट्याङ्ग्राको तर्क पनि फरक छ । सरकारी कर्मचारी जनताको सेवामा खटिएकाले निश्कलंक हुन्छ । नकारात्मक सोचबाट टाढा हुन्छ । अनि सधैं राज्यको हितका लागि काम गर्छ अर्थात् कुनै पनि दोष वा दाग कर्मचारीमा नहोस् भन्नका लागि सेतो सर्ट लगाउने व्यवस्था गरियो ।

फेरि सोध्लान् त्यसो भए डाक्टर नर्सलेचाहिँ किन लगाए ? त्यो पनि ठिकै हो । डाक्टर नर्स भनेको बिरामीको सेवामा खटिने । एक हिसावले भन्ने हो भने उनीहरूको पढाइ त भगवान् बनाउने नै हो । मृत्युको मुखका पुगेका बिरामीलाई पनि राम्रो हेरचाह अनि उपचार निको बनाउने । यस्तो मान्छेहरूसँग कुनै पनि छलकपट वा दोष नहुने भएकाले सेतो कपडा लगाउने चलन चल्दै आयो ।

तर, अहिले ठीक उल्टो भो । सेतो सर्ट लगाउने सरकारी कर्मचारीको मति अहिले निकै नै खति भो । त्यसैले होला मतिभ्रष्ट भो । हरेक काम र कुरामा नोटमात्र भो । अब नोट र भोटको सम्मीश्रण भएपछि त्यसको गति कस्तो भो ? अनुमान लगाउनै गाह्रो भो । भन्ने मिल्ने हो कि नमिल्ने हो, लेख्न हुने हो कि नहुने हो । जुस र घूस नभई नहुने । जुसपान र घूसपान नगर्ने त समाजमा टिक्नै गाह्रो ।

सत्य कुरा त कलियुगमा गर्दै नगर्नु भन्ने शास्त्रैमा छ क्यार ! झूठाले प्रश्रय पाउँछ, न्याय हराउँछ भन्या छ । त्यो वाल्मिकीमा संस्कृत र शास्त्र पढ्नेहरूले खुट्याउलान् । सके खुट्याउलान्, नसके आफ्नै घर स्वास्नीलाई भुत्ल्याउलान् । किनकि, संस्कृतको श्लोक भन्दै व्याख्या गर्नेहरू नै नकचरा हुन थाल्या छन् । काम र कुरो नै मिल्दैन । 'दिनभरि बाहुन रातभरि डाउन' भन्थे एक बीस पहिले !

त्यही भएर जुसपान र घूसपान नगर्ने सेता कपडा लगाएका राष्ट्रसेवक पाउनै मुश्किल ! सेता सेता कपडामा १०-५ सजिएका कालाकाला मान्छेहरूको मनभित्रै कालो धब्बा देखिन्छ । अनुहार हेर्दै घुस्याहा-घुस्याहा देखिन्छ । सेतो कपडाभित्र घुसैघूसको कालो दाग । बागमती र विष्णुमतीको पानी बरु सङ्लो होला । सेतो कपडा लगाएकाहरूको भित्री दाग पखाल्न निकै गाह्रो ।

जसरी कर्मचारीको मति भ्रष्ट भो अहिले तिनै सेतो लुगा लगाउने डाक्टरहरूको पनि मतिभ्रष्ट हुन थाल्या छ । टोलैपिच्छे अस्पताल । अस्पताल चलाउने उही जुसपान र घूसपान गर्ने नै बढी । जसले जे गर्नु हुन्न भन्यो त्यही व्यापार चल्छ नेपालमा । हरेक बिहान सेता कपडा लगाएर मान्छे बचाउन अस्पताल पुगेका रातो-पिरो मान्छे अस्पताल पुगेपछि विचरा भएका बिरामीको परिवारलाई डस्न थाल्छ । खासै समस्या छैन भन्छ तर एक बोरा दबइ दिन्छ । यसको काम नै दबइ दिने हो ।

अलिअलि बिरामी छ भने त त्यसलाई सुईले घोचेर के-के निकाल्छ निकाल्छ । सेतो दाग नभएको डाक्टरलाई हिजो भगवान् भन्थे अहिले त के-के भन्छन् भन्छन् । बर्दीवाला चोरजस्तै । त्यही भएर होला सेतो कपडाको अहिले निकै नै बदनाम पो हुन थाल्या छ । सरकारी अड्डामा नोट चोर, अस्पतालमा पुगेसी औषधि चोर । यी दुवैको हुन्छ ठूलो स्वर । बोलौं सुइँक्याइदेला भन्ने डर । नबोलुँ त घरबास नै उडाइदिने डर । केही नभए एक बोरा दबइ । केही भए अस्पतालको बसाइँ । अलि धेरै भए आइसियू र सिसियू त्यो भन्दा बढी भए भेण्टिलेटर । मान्छे भेण्टिलेटर, त्यही भेण्टिलेटरमा राखेकै कारण बैंकले काट्छ घरबारी लिलामको लेटर ।

त्यही भएर बुढापाकाले भन्थे नि । अस्पताल, अदालत दुश्मन पनि जानु नपरोस् ! बूढा बाउहरूले त्यसै कहाँ भन्या रै'छन् । भोगेरै पो भन्या रै'छन् त ? अस्पताल जानु भनेको पहिले उपचार गर्ने र तन्दुरुस्त भएर फर्कने । तर, अहिले पटक-पटक गइरहनुपर्ने रोगलाई दबइ खाएर दबाइरहनुपर्ने निको भनेको उही आर्यघाट नै पुऱ्याइदिने । सकेसम्म मान्छे नै नरहने भए पनि पछि त्यसका सम्पत्ति किन राख्नु भने र जायजेथा नै सकाइदिने । यस्ता दागरहित सेता कपडा लगाएका मान्छेहरूसँग बच्न नै मुश्किल ।

एकथरी सेता कपडा लगाएका मान्छेसँग दैनिक भेट्नुपर्ने ! जन्मेदेखि नमरेसम्म । यो पनि त्यसैकाँ । जुस र घूस दुवै उसैलाई । देशलाई बुझाउनुपर्ने कर, सधैं डरै डर । देशाँ ढुकुटीमा जानेभन्दा उसैको ढुकुटीमा पनि पुऱ्याउनुपर्ने ! सकेसम्म घर्रामा नभएर ठर्रामा । सेवा सुविधा सबै उसैलाई, जनता भने ठण्डाराम ।

अर्को थरी सेता लगाउनेमान्छे भेट्नै मुश्किल हात समायो, लामो सास फेर्न लगायो । ज्योतिषीले चिना रहेर कालो बोको चढाऊ भनेजस्तै । शिरदेखि पैदालासम्मै जाँच्नुपर्ने । पैसा होस् कि नहोस् । जसरी पनि तिर्नैपर्ने । अलिकति पनि घटबढ त हुँदै हुँदैन । सेता लुगा लगाएर काला कर्म गर्छन् भन्ने कसलाई हुँदैन डर । तर, यिनीहरूकै भएन भर । महँगा औषधि देख्नै नहुने । चाहेभन्दा बढी मगाउने अनि त्यसैले कमिसन पढ्काउने । सेता लुगा लगाउनेको कमिसन पनि चित्र विचित्रकै । कालो झोला बोकेर सेता कपडा लगाउनेलाई भेट्न अस्पताल पुग्नेहरूले सबै थोक व्यवस्था गरिदिनुपर्ने । 'एनिभर्सरी' को केक देखि ह्यापी बर्थडेको मेससम्म ! अवको कसको विश्वास गर्नु ।

त्यही एउटा सेता कपडाको थियो भर अब त त्यसैबाट हुन थाल्यो डर । त्यही भएर नि होला हिन्दू धर्मले सेतो कपडा लगाउन मनाही गरेको रैछ । सेतो कपडा जसरी सभ्य, दागरहित र शान्तिको प्रतीक थियो । त्यही कायम रहन सक्नुपर्दछ । सेतो कपडा जुस, घूस र दूतजस्तो नहोस् ! सेतो कपडाभित्र कालो कर्म, कूकर्म नहोस् । बागमतीजस्तै सेतो कपडाभित्रको दुश्कर्म सङ्लो होस् । आफ्नो होस् बिरानो नहोस् !

# मण्डनदेउपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### महादेवस्थान, काभ्रेपलाञ्चोक
### बागमती प्रदेश, नेपाल

# चाखोला आँशीखोला र ढाँडखोला थारखोलाको रोडा, ढुंगा गिट्टी वालुवाको संकलन तथा बिक्री शुल्क उठाउने सम्बन्धी पूनः बोलपत्र आव्हान सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशन मिति : २०८०/०३/१९ गते**
**प्रथम पटक सूचना प्रकाशन मिति २०८०/०२/१७ गते**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (घ) १ र (घ) ६ बमोजिम यस मण्डनदेउपुर नगरपालिकाबाट आ.व. २०८०/०८१ को लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले प्रदेश आर्थिक ऐनबाट पारित दररेट बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लेखित क्षेत्रहरूबाट स्वीकृत परिमाण भन्दा बढी उत्खनन नहुने गरी रोडा, ढुंगा, बालुवा, ग्राभेल संकलन तथा बिक्री शुल्कको ठेक्का लिन ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्रभित्र बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी या म्याद नाघी प्राप्त हुन आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

**ठेक्का सम्बन्धी विवरणः**

| क्र.सं. | आन्तरिक आय ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | आ.व.२०८०/०८१ का लागि कायम न्यूनतम अंक (मू.अ.कर सहित) | संकलन/उत्खनन गर्न पाउने अधिकतम परिमाण (वार्षिक) | बोलपत्र फारम दस्तुर | धरौटी/जमानत रकम | बागमती प्रदेश सरकारबाट स्वीकृत दररेट |
|---|---|---|---|---|---|---|---|
| १ | 2/IR/2080/081 | मण्डनदेउपुर नगरपालिकाको क्षेत्र अन्तरगत चाखोला र आँशीखोलाबाट रोडा, ढुंगा, बालुवा, ग्राभेल IEE मा उल्लेखित १० वटा क्षेत्रहरूबाट संकलन गर्ने | ३१३२१७८.१२ (एकतिस लाख बत्तिस हजार एक सय अठहत्तर रूपैयाँ बाह्र पैसा मात्र) | ३०७९८२.११५ क्यू फिट | ३,०००।- | मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत | बालुवा, गिट्टी, ढुंगा, स्लेट प्रति क्यू फिट (मु.अ.कर बाहेक) रु.९ |
| | | मण्डनदेउपुर नगरपालिकाको क्षेत्र अन्तरगत चाखोला र आँशीखोला क्षेत्रभित्र उत्पादन भई बिक्री हुने नदीजन्य पदार्थको बिक्री शुल्क (बोलपत्र फारमसाथ उपलब्ध सूची अनुसार) | | | | | |
| २ | 3/IR/2080/081 | मण्डनदेउपुर नगरपालिकाको क्षेत्र अन्तरगत ढाडखोला र थारखोलाबाट रोडा, ढुंगा, बालुवा, ग्राभेल IEE मा उल्लेखित ७ क्षेत्रहरूबाट संकलन गर्ने | २८,१०,०१७.३८ (अठ्ठाइस लाख दश हजार सत्र रूपैयाँ अठतिस पैसा धरौटी/जमानत/कम) | २७६३०४.५६ क्यू फिट | ३,०००।- | मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत | बालुवा, गिट्टी, ढुंगा, स्लेट प्रति क्यू फिट (मु.अ.कर बाहेक) रु.९ |
| | | मण्डनदेउपुर नगरपालिकाको क्षेत्र अन्तरगत ढाडखोला र थारखोलाबाट क्षेत्रबाट उत्पादन भई बिक्री हुने नदीजन्य पदार्थको बिक्री शुल्क (बोलपत्र फारमका साथ उपलब्ध सूची अनुसार) | | | | | |

**ठेक्का सम्बन्धी शर्तहरूः**

१. बोलपत्र फारम खरिद गर्दा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत प्यान दर्ता प्रमाण पत्र तथा फर्मको हकमा अद्यावधिक फर्म नविकरण प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७८/७९ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि साथै लिखित निवेदन स्वघोषणा पत्र र मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी मिति २०८०/०४/०२ गतेको कार्यालय समयभित्र बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. E– Bidding को लागि बोलपत्र फारम खरिद गर्दा व्यक्तिको हकमा नेपाली नागरिकतको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत प्यान दर्ता प्रमाण पत्र तथा फर्मको हकमा अद्यावधिक फर्म नविकरण प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७८/७९ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि साथै लिखित निवेदन स्वघोषणा पत्र र मू.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी मिति २०८०/०४/०२ गतेको कार्यालय समय भित्र E–bidding मार्फत www.bolpatra.gov.np बाट Bid document Download गर्न सकिनेछ ।
ग्लोबल आइएमई बैंक कुन्तावेशी शाखामा रहेको खाता ग.१.१ आन्तरिक राजश्व खाता मण्डनदेउपुर खाता न. २२००४०१००००१० मा बोलपत्र दस्तुर जम्मा गरी बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

३. बोलपत्र फारम रितपूर्वक भरी मिति २०८०/०४/०३ गतेको दिनको १२ बजेभित्र पेश गर्नुपर्नेछ । पेश भएका बोलपत्रहरू सोही दिनको २ बजे कार्यालयमा उपस्थित बोलपत्रदाताहरू वा निजको अधिकार प्राप्त प्रतिनिधिहरू र कार्यालय प्रतिनिधिहरूको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. E–bidding मार्फत प्राप्त बोलपत्र फाराम रितपूर्वक भरी मिति २०८०/०४/०३ गतेको दिनको १२ बजे भित्र e–submission गर्न सकिनेछ । बोलपत्रहरू सोही दिनको २ बजे कार्यालयमा उपस्थित बोलपत्रदाताहरू वा निजको अधिकार प्राप्त प्रतिनिधिहरू र कार्यालय प्रतिनिधिहरूको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । Bid Response गर्दा वुँदा नं. २ मा उल्लेख भएका कागजात, बैंक जमानत, बोलपत्र दस्तुर, Bid Response document PDF Format मा पेश गर्नुपर्नेछ ।

५. बोलपत्रको मान्य अवधी कम्तीमा ९० दिनको हुनुपर्नेछ ।

६. धरौटी रकम : www.bolpatra.gov.np मा आ.व. २०८०/ ०८१ का लागि कायम न्यूनतम अंकको ५% रकम तोकिएको भए तापनि बोलपत्र पेश गर्दा आफूले कवोल गरेको मु.अ.कर सहितको रकमको ५ प्रतिशत ले हुन आउने धरौटी रकम यस कार्यालयको ग्लोबल आइएमइ बैंक, कुन्तावेशी शाखामा रहेको खाता ग.३ मण्डनदेउपुर धरौटी खाता नं. २२००४०१००००००८ खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तिमा १२० (एक सय बीस) दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको सक्कल बैंक जमानत पत्र (Bid security) अनिवार्य रूपले बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

७. बोलपत्र भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी पेश गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

८. बोलपत्र स्वीकृत सम्बन्धी जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र कवोल अकंको ३० (तिस) प्रतिशत रकम (मु. अ. कर समेत) नगदै तथा बाँकी रकमको हकमा यस कार्यालयको पक्षमा नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी भएको प्रत्येक किस्ता रकमको छुट्टा छुट्टै मु.अ.कर बापतको रकम समेतको कार्यसम्पादन जमानी पत्र सहित सम्झौता गर्न आउनु पर्नेछ ।

९. ठेकेदारले सम्झौतामा तोकीएको विषय क्षेत्रमा तोकिएको दर रेटमा मात्र शुल्क असुल गर्न पाउनेछ । संकलन तथा बिक्री शुल्कको दररेट बोलपत्र फाराम साथ उपलब्ध गराईनेछ ।

१०. बागमती प्रदेश सरकारले जुनसुकै बखत दररेट परिवर्तन गरेमा सोही बमोजिम कार्यान्वयन हुनेछ ।साथै सो सम्बन्धी जानकारी यस कार्यालयबाट तुरुन्तै हुनेछ ।

११. यस सूचनामा उल्लेखित खोला/नदीका अलवा नयाँ क्षेत्र (खोला/नदी) पहिचान भई नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७२/१०/२० को निर्णय बमोजिम नेपाल सरकार/दातृ निकायद्धारा संचालन हुने विकास आयोजनाहरूको लागि प्रयोग हुने निर्माणजन्य सामाग्रीको बिक्रीको हकमा सम्बन्धीत आयोजना (स्वीकृत IEE को परिधिभित्र रही) ले प्रयोग गरेको परिमाणको आधारमा नगरपालिकाले सम्बन्धीत आयोजनाबाट बिक्री मूल्य असुल गर्नेछ ।

१२. ठेकेदार र कार्यालय बिचमा ठेक्का सम्बन्धी कुनै किसिमको झै-झमेला पर्न आएमा सो को समाधान गर्न मण्डनदेउपुर नगर कार्यपालिकाले निर्णय गर्नेछ ।

१३. संकलन तथा बिक्री शुल्क उठाउने सम्पूर्ण दायित्व ठेकेदारको हुनेछ । त्यसमा कार्यालयले कुनै जिम्मेवारी वहन गर्ने छैन साथै प्रचलित कानुन बमोजिम तिर्नुपर्ने सम्पूर्ण करहरू ठेकेदार स्वंयमले वुझाउन् पर्नेछ ।

१४. रोडा, ढुंगा, बालुवा, ग्राभेल बिक्री ठेक्कामा रोडा, ढुंगा, बालुवा, ग्राभेल निकाल्दा व्यक्तिगत जग्गा क्षति हुने गरी निकाल्न पाइने छैन साथै खोला/नदीमा पर्ने पुलको तल माथि कम्तिमा ५०० मिटर छाडेर प्रतिवेदनमा तोकीएको स्थानहरूबाट मात्र रोडा, ढुंगा, बालुवा, ग्राभेल निकाल्नु पर्नेछ ।

१५. ठेक्कामा मालसामानको परिमाण एकिन भएको र परिमाण अनुसार ठेक्का आव्हान गरिएकोले आवश्यक प्रकृया पूरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि बिक्री गर्न सकिनेछ ।साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द आदिको कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति पाइने छैन । IEE प्रतिवेदनमा उल्लेख भएको अवधि बाहेकमा नदी/खोलाबाट सामाग्री उत्खनन् गर्न पाईने छैन तर विभिन्न स्थानमा थुपारी राखेको सामाग्री बिक्री गर्न बाधा पर्ने छैन ।

१६. जिल्ला अनुगमन तथा नगरपालिका र सम्बन्धीत सरकारी निकायहरूले अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम नपाईएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

१७. जुन आर्थिक वर्षका लागि ठेक्का सम्झौता भएको हो सोही आर्थिक वर्ष भित्र उक्त ठेकेदारले उत्खनन गरेका ढुंगा, गिट्टि, बालुवा, ग्राभेल सो क्षेत्रबाट उठाइसक्नु पर्नेछ ।

१८. नदी प्रवाहको दिशा परिवर्तन हुने गरी ढुंगा, गिट्टी, बालुवा, ग्राभेल उत्खनन गर्न पाइने छैन ।

१९. प्रतिवेदमा उल्लेखित स्थानहरूबाट मात्र नदीजन्य सामाग्रीहरू उत्खनन गर्नुपर्नेछ साथै प्रतिवेदनमा स्वीकृत भएको हकमा स्वीकृत अवधिसम्म मेशिन प्रयोग गरी नदीजन्य सामाग्रीहरू उत्खनन् गर्न बाधा पर्ने छैन ।

२०. पानीले पखालेको चिसो बालुवा पानी चुहाउदै कालोपत्रे सडकमा ढुवानी गर्न गराउन पाइने छैन साथै ढुंगा, गिट्टी, बालुवा, ग्राभेल लैजाँदा Covering (छोपी) गरेर मात्र ढुवानी गर्नु गराउनु पर्नेछ । साथै बालुवा धुँदा निस्कीएको धमिलो पानी सिधै नदीमा मिसाउने पाईने छैन ।

२१. कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम छुट/मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन। तर बोल कबोल गरेको वार्षिक ठेक्का रकम सम्झौता गर्दाकै बखत एकमुष्ट रूपमा पुरै जम्मा गरेमा प्रचलित ऐन नियमको परिधिभित्र रही नगर कार्यपालिकाको निर्णय बमोजिम छुट दिइनेछ ।

२२. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ ।


२३. यसमा उल्लेख नभएका अन्य कुराहरू बागमती प्रदेश सरकारबाट जारि गरिएको नदीजन्य पदार्थ (उत्खनन र उपयोग) कार्यविधि, २०७५ र ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, मण्डनदेउपुर नगरपालिका भित्रका नदीजन्य पदार्थको उपयोग तथा व्यवस्थापन कार्यविधि २०७५ र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

रूपशाला

## 'अदृश्य' साउन १९ बाट हलमा

अभिनेता प्रमोद अग्रहरी, सोहित मानन्धर र रिस्ता बस्नेतको मुख्य भुमिका रहेको सिनेमा अदृश्यको फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा गरिएको छ। प्रल्हाद काफ्लेको निर्माण तथा निर्देशनमा निर्माण भएको सिनेमा आगामी साउन १९ गतेबाट प्रदर्शनमा आउने भएको हो। पिताम्बर फिल्मस्को प्रस्तुतीमा निर्माण भएको सिनेमामा प्रविन खतिवडा, छुल्टिम गुरूङ, रवी गिरी, सिएम भारद्धाज सुवेदी, विकेश प्रजापती, गीत बिष्ट, सुरज बिष्ट, जसिता घिमिरे, सन्दीप बाबु लोहनी, रूपेश दाहाल, सुजन बज्राचार्य, अजित रेग्मी, रूपेश थापा, अभिमान सिंह बस्नेत र प्रतिक भुजेल लगायतका कलाकारको पनि अभिनय रहेको छ।





# सन्तबहादुर तामाङको 'आत्मानुभूति' सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं–** सन्तबहादुर तामाङले आफ्ना जीवनका अनुभवहरू समेटेर 'आत्मानुभूति' नामक पुस्तक प्रकाशनमा ल्याएका छन् । उक्त पुस्तक सोमबार बौद्ध नयाँबस्तीस्थित छ्योर्तेन टासी तामाङ गुम्बामा आयोजित समारोहमा सार्वजनिक गरिएको छ।

विभिन्न पेसा, व्यवसायमा आफ्नो जीवन व्यतीत गरेका ८६ वर्षीय तामाङ समाजसेवामा निरन्तर सक्रिय रहँदै आएका छन्। उनले आफ्ना अनुभवहरूलाई जीवन्त बनाइराख्न र नयाँ पुस्तालाई बाँड्न जीवनी प्रकाशनमा ल्याएको बताए । 'मैले जागिरदेखि ठेक्कापट्टाको काम, विशेषगरी विभिन्न जिल्लामा झोलुंगे पुल निर्माणमा संगालेका अनुभवहरू नयाँ पुस्ताका लागि उपयोगी हुनसक्छ भन्ने लागेर यो पुस्तक प्रकाशनमा ल्याउने निर्णय गरेको हुँ,' पुस्तक सार्वजनिक गर्न आयोजित समारोहमा उनले भने।

पुस्तकमा उनले नेपाली सेनाको पिपा तथा कोदारी राजमार्गमा फोरम्यानका साथै झोलुंगे पुलको ठेकेदार भएर काम गर्दाका अनुभवहरू समेटेका छन्। आफ्नै पहलमा गुम्बा, धुर्सा तथा सडक निर्माणका साथै र अन्य समाजिक कार्यमा संलग्न रहेर हासिल गरेका अनुभव, सीप र ज्ञानका कुरा पुस्तकमा उल्लेख गरेका छन् । काभ्रेपलाञ्चोक बासडोलका उनी पछिल्लो समय जोरपाटीमा बस्दै आएका छन्। करिब ४०० पृष्ठको पुस्तक लेखक तामाङले निःशुल्क वितरण गर्ने घोषणा गरे । 'मेरा जीवनका अनुभूतिहरू समेटिएको यो पुस्तकलाई उपहारको रूपमा लिइदिनुहोला,' उनले भने।

कार्यक्रममा लेखक तामाङका शुभचिन्तक, विभिन्न संघसंस्थाका प्रतिनिधि, पत्रकार, साहित्यकार, समाजसेवीलगायतको उपस्थिति थियो । समीक्षक कृष्णकुमार योञ्जनले पुस्तकमाथि समीक्षात्मक मन्तव्य राखेका थिए।

छ्योर्तेन टासी तामाङ गुम्बाका अध्यक्ष टुकमान लामाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा पुस्तकका सम्पादक डा. मधुसुदन न्यौपाने, नेपाल सरकारका पूर्वसचिव धनबहादुर तामाङ, साहित्यकार गोविन्द घिमिरे बेदमणि, नेपाल तामाङ घेदुङका सहअध्यक्ष कुमार घिसिङ, कामपा-६ का वडाध्यक्ष नवराज लामा, अनुसन्धाता सम्पूर्णकुमार लामा, कवि कञ्चन पुडासैनी, पत्रकार बीरबहादुर वाइबालगायतले लेखक तामाङ र उनको कृतिमाथि चर्चा गर्दै शुभकामना व्यक्त गरे। वक्ताहरूले ८६ वर्षको उमेरमासमेत पुस्तक प्रकाशन गर्ने जाँगर चलाएको भन्दै लेखकको प्रशंसा गरेका थिए।

डिसिने अवार्ड सम्पन्न

# पल र पूजा उत्कृष्ट नायक-नायिका

■ प्रभाव संवाददाता



**काठमाडौं–** डिसिने अवार्डको १३ औं र चौथौं संस्करण सम्पन्न भएको छ। सोमबार राजधानीको रसियन कल्चर सेन्टरमा आयोजित कार्यक्रमका बिच दुई वर्षको अवार्ड एकैपटक प्रदान गरिएको हो । कोभिड १९ का कारण उक्त वर्षहरू अवार्ड आयोजना गर्न नसकिए पनि उत्कृष्ट चलचित्र निर्माणका लागि चलचित्रकर्मीहरूलाई निरन्तर प्रोत्साहित गर्नु पर्छ भन्ने मान्यता अनुरूप यसलाई निरन्तरता दिइएको अवार्ड अध्यक्ष शान्तिप्रियले जनाएका छन्।

चलचित्रकर्मीहरूको बाक्लो उपस्थितिका बिच सम्पन्न अवार्ड समारोहमा कलाकारद्वय अर्जुन श्रेष्ठ र दिपाश्री निरौलालाई छायाँछबी रजत सम्मान र चलचित्र पत्रकार कुबेर गिरीलाई छायाँबछी चलचित्र पत्रकारिता पुरस्कार प्रदान गरिएको छ।

समारोहमा १३ औं संस्करण अर्न्तगत वर्ष २०७७ मा प्रदर्शनमा आएका सातवटा चलचित्रबाट बिभिन्न पाँच बिधामा अवार्ड प्रदान गरिएको थियो। डिसिने अवार्ड २०७७ अर्न्तगत सर्वोत्कृष्ट चलचित्रको अवार्ड चलचित्र श्रीबाट सूर्य बाहोराले प्राप्त गरेका छन् भने सर्वोत्कृष्ट अभिनेताको अवार्ड हिरो रिटन्स्बाट सविन श्रेष्ठ, सर्वोत्कृष्ट अभिनेत्रीको अवार्ड लक्ष्मी पुजाबाट जाह्नवी बस्नेत, नृत्य निर्देशकको अवार्ड चलचित्र गुड फ्रेण्ड अजय स्याङताङ, र सह अभिनेताको अवार्ड हिरो रिटन्सबाट रोशन श्रेष्ठले प्राप्त गरेका छन्। समारोहमा कोभिड १९ को विषम परिस्थितिमा पनि चलचित्र प्रदर्शन गरेर चलचित्र क्षेत्रलाई चलायमान गराएको भन्दै उक्त वर्ष प्रदर्शनमा आएका ७ वटै चलचित्रलाई कदरपत्रसमेतप्रदान गरिएको छ। यस्तै चौथौं संस्करणको डिसिने अवार्ड २०७८ अर्न्तगत १३ बिधामा अवार्ड प्रदान गरिएको छ । यसवर्षको अवार्डमा चलचित्र म यस्तो गीत गाउँछुले उत्कृष्ट चलचित्र सहित छ बिधामा अवार्ड प्राप्त गरेको छ।



उत्कृष्ट चलचित्र सहित यसै चलचित्रबाट सुदर्शन थापाले उत्कृष्ट निर्देशक, पल शाहले उत्कृष्ट अभिनेता, पुजा शर्माले उत्कृष्ट अभिनेत्री, बनिष शाह र मिलन श्रेष्ठले उत्कृष्ट सम्पादक र अर्जुन पोखरेलले उत्कृष्ट संगीतकारको अवार्ड प्राप्त गरेका छन्।

यस्तै चलचित्र चिसो एष्ट्रेबाट दीन्स पाल्पालीले उत्कृष्ट लेखक, चलचित्र हेल्लो जीन्दगीबाट सम्राट बस्नेतले उत्कृष्ट द्वन्द्व निर्देशक, चलचित्र आकाशे खेतीबाट रामजी लामिछानेले उत्कृष्ट नृत्य निर्देशक, चलचित्र लप्पन छप्पन २ बाट पुरुषोत्तम प्रधानले सर्वोत्कृष्ट छायाँकार, चलचित्र हेल्लो जीन्दगीबाट राजराज शिवाकोटीले उत्कृष्ट गायक र चलचित्र हेल्लोबाटै निर्देशक सुर्य बोहराले जुरी अवार्ड प्राप्त गरेका छन्।

समारोहमा कलाका बिभिन्न माध्यमबाट नेपाली चलचित्र, गीतसंगीत, कला तथा साहित्यका क्षेत्रमा योगदान पुऱ्याएका कलासाधकहरूलाई पनि छायाँछबी सम्मान प्रदान गरिएको छ । कार्यक्रममा अभिनेता तथा मोडल दीनेश के.सी., चलचित्र निर्देशक चेतनाथ दंगाल, चलचित्र निर्देशक समुन्द्र भट्ट, अभिनेत्री सानिया खान, प्राबिधिक प्रकाश मिश्र, मोडल रूपा राना, निर्माता तथा निर्देशक सन्तोष सुबेदी, गायिका मञ्जु थापा र गीतकार किरण केसी क्रोधीलाई छायाँछबी सम्मान अर्पण गरिएको हो।

बरिष्ठ कलाकार, लेखक तथा निर्देशक मोहन निरौला, निर्देशक राजेन्द्र उप्रेति, अभिनेत्री तथा लेखिका सोभिता सिम्खडा र संगीतकार सन्तोष श्रेष्ठ निर्णायक रहेको अवार्डको चलचित्र छनौट समिति निर्णायकका रूपमा निर्देशक तथा सम्पादक सुरेन्द्र पौडेल, मोडल मञ्जिता केसी, गायक तथा संगीतकार ओम सुनार, सम्पादक तथा कलरिष्ट जीवन थापा, मोडल सुदिप श्रेष्ठ र गायक तथा संगीतकार राज सागर रहेका थिए । निर्णय प्रक्रियालाई थप चुस्त बनाउन यसपटक देखि चलचित्र छनौट निर्णायक समिति समेत गठन गरिएको अवार्डमा निर्देशक माधबराज खरेलले प्रष्ट पारेका छन्।

## रंगशाला

विश्वकप छनोट

# पहिलोपटक आज आयरल्याण्डसँग भिड्दै नेपाल




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले आइसिसी विश्वकप छनोटको अन्तर्गत आफ्नो अन्तिम खेल टेस्ट टोली आयरल्यान्डसँग खेल्ने भएको छ । नेपाल र आयरल्यान्डबीचको खेल मंगलबार हुनेछ । हरारेमा रहेको टाकासिंगा स्पोर्टस् क्लबमा हुने खेल नेपाली समय अनुसार मध्यान्ह पौने १ बाट सुरु हुनेछ।

नेपालले आयरल्यान्डसँग ओडिआई खेल खेल्न लागेको यो पहिलो अवसर हो । आयरल्यान्ड नेपालले ओडिआई खेल्न लागेको तेस्रो टेस्ट मान्यता प्राप्त मुलुक हो ।

नेपालले सातौं स्थानको लागि भएको दोस्रो सेमिफाइनल खेलमा आईतबार युएईलाई हराउँदै आयरल्यान्डसँग भेट पक्का गरेको हो ।

सातौं स्थानको लागि नेपालले आयरल्यान्डसँग खेल्नेछन् । नेपाल समूह ए बाट ४ खेलमा ३ मा हार र १ मा जित सहित चौथो स्थानमा रहेर बाहिरिएको थियो। नेपालले अमेरिकालाई हराएको थियो। जिम्बावे, वेस्टइन्डिज र नेदरल्यान्ड्ससँग पराजित भएपछि सुपर सिक्समा पुग्न सकेको थिएन ।

उता, आयरल्यान्ड पनि ४ खेलमा ३ मा हार र १ मा जितससहित चौथो स्थानमा रहेर समूह बी बाट सुपर सिक्स पुग्न सकेको थिएन। आयरल्यान्ड समूह चरणमा ओमान, स्कटल्यान्ड र श्रीलंकासँग पराजित भएको थियो ।

## ब्राइट फ्युचरलाई दोहोरो पदक

**काठमाडौं (प्रस) –** नैकापस्थित ब्राइट फ्युचर स्कुलले मेक्सिको मजात्लानमा भएको आईएसएफ वल्ड स्कुल तेक्वान्दो च्याम्पियनसिप दोहोरो पदक जित्न सफल उज्ज्वल वाग्लेलाई सम्मान गरेको छ । प्रतियोगिताअन्तर्गत अफिसियल र खुला गरी छुट्टा छुट्टै प्रतिस्पर्धा भएको थियो। उज्ज्वलले अफिसियलतर्फ स्वर्ण तथा खुलामा रजत जितेका हुन्।

जुन १८ देखि २६ तारिखसम्म भएको प्रतियोगितामा उज्ज्वलले यु-१८ उमेरसमूहको गेरोगीतर्फ पुरुष ७३ केजीमुनि प्रतिस्पर्धा गरेका थिए। ब्राइट फ्युचरमा कक्षा १० मा अध्ययरत उज्ज्वलको यो नै 'डेब्यु' अन्तर्राष्ट्रिय प्रतियोगिता हो ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) का उपाध्यक्ष शिव कोईराला, ब्राइट फ्युचरका प्रिन्सिपल दयाराम थापा, ब्राइट फ्युचरका अध्यक्ष मोहन कार्की, चन्द्रागिरी नगरपालिका वडा ४ का अध्यक्ष घनश्याम लुइटेललगायतले उज्ज्वललाई सोमबार एक कार्यक्रमबीच टीका र खादा लगाएर सम्मान गरे । उपाध्यक्ष कोईरालाले उज्ज्वललाई सफलताका लागि बधाई दिदै ब्राइट फ्युचरले विभिन्न खेलमा प्रतिभावन खेलाडी उत्पादनमा विशेष योगदान गरेको धारणा व्यक्त गरे।

प्रिन्सिपल थापाले अन्तर्राष्ट्रिय प्रतियोगितामा स्वर्ण र रजत पदक जितेर स्कुलको मान सम्मान र प्रतिष्ठा अन्तर ाष्ट्रियस्तरमा बढाएकोमा उज्ज्वललाई धन्यवादसंगै बधाई दिदै उनले स्कुलको मात्र नभई मुलुकको गौरव समेत बढेको बताए । अध्यक्ष कार्कीले उज्ज्वलको सफलताले अन्य खेलाडीलाई तेक्वान्दोमा लाग्न प्रेरण मिल्ने बताउदै आगामी दिनमा उज्ज्वलले अन्य अन्तर ाष्ट्रिय प्रतियोगितामा सफलता प्राप्त गर्ने विश्वास व्यक्त गरे।

एसीसी यू-१६ इस्ट जोन कप

# उपाधिका लागि नेपाल र मलेसिया भिड्ने

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपालले एसीसी यू-१६ इस्ट जोन कपको फाइनलमा मलेसियासँग खेल्ने भएको छ । आज (मंगलबार) हुने फाइनलमा नेपाल र घरेलु राष्ट्र मलेसियाबीच खेल हुने भएको छ।

सोमबार भएको दुई सेमिफाइनल खेलमा विजयी बनेका नेपाल र मलेसियाले फाइनल खेल्ने भएका हुन् । सेमिफाइनल खेलमा नेपालले सिंगापुरलाई ९७ रन पराजित गरेको थियो । घरेलु टोलीले हङकङलाई ७८ रनले हराउँदै फाइनलमा स्थान बनाएको थियो ।

समूह चरणमा नेपालले मलेसियालाई ८४ रनले हराएको थियो । पहिलो खेलमा थाईल्यान्डलाई २ सय २५ रनले हराउँदै नेपालले सेमिफाइनलमा स्थान बनाएको थियो। मलेसियाले थाईल्यान्डलाई पराजित गरेको थियो । मलेसियाले थाईल्यान्डलाई १ सय १८ रनले हराएको थियो ।

सोमबार भएको सेमिफाइनलमा खेलमा सिंगापुरलाई पराजित गरेर नेपाल मलेसियामा जारी एसीसी मेन्स यू-१६ ईस्ट जोन कपको फाइनलमा प्रवेश गरेको थियो ।

मलेसियाको बायोमास ओभल क्रिकेट मैदानमा भएको खेलमा नेपालले सिंगापुरलाई ९८ रनले पराजित गरेको हो। नेपालले दिएको १ सय ८५ रनको लक्ष्य पछ्याएको सिंगापुर ३१ दशमलब ३ ओभरमा ८७ रन बनाउँदै अलआउट भयो ।

सिंगापुरका लागि ओपनर रोशन रविचन्द्रनले ३७ बलमा ३ चौका र १ छक्काको सहयोगमा सर्वाधिक २४ रन बनाए । कबिरले १५ बलमा २ चौकाको सहयोगमा ११ रन बनाए।

सिंगापुरका अन्य ९ ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन् । नेपालका लागि कृतिक कामतले ३ तथा सन्तोष यादव, अभिषेक तिवारी, नरेन भट्ट, प्रतिक पोखरेल र अशोक धामीले समान १/१ विकेट लिए ।

त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको नेपालले निर्धारित ३५ ओभरमा ९ विकेट गुमाउँदै १ सय ८४ रन बनायो। नेपालका ओपनर सुर्यांशु कोइरालाले ४९ बलमा ६ चौकाको सहयोगमा सर्वाधिक ४३ रन बनाए । नेपाललाई ओपनर कोइराला र निरज यादवले पहिलो विकेटका लागि ७० बलमा ६३ रनको साझेदारी गर्दै राम्रो सुरुआत गरेका थिए ।

सूर्यांशु हर्ष वेंकटरामको बलमा रियान नैकबाट क्याच आउट हुन पुगे । निरजले भने ४९ बलमा ३ चौकाको सहयोगमा ४२ रन बनाए । पहिलो विकेट गुमाए पछि कुनैपनि ब्याटरले राम्रो साझेदारी गर्न सकेनन् । विकेटकिपर आषिश लुहार ६ रनमै क्याच आउट हुन पुगे। नरेन भट्ट ३ रनमा हरिहरनको बलमा कट एण्ड बोल्ड आउट भए।

कप्तान अभिषेक तिवारी २१ बलमा १ चौका र १ छक्कासहित २५ रनमा आउट भए। मध्यक्रमका ब्याटर सन्तोष यादव २४ बलमा २ चौकासहित १८ तथा प्रतिक भट्टराई १२ रनमा आउट भए। दीपु कुमार १२ तथा कृतिक कामत ५ रनमा आउट भए ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी: OLIVE INTERNATIONAL PRIMARY SCHOOL NUAIJA

पूर्व स्वीकृति मिति: २०८०/०३/०८ पून स्वीकृति मिति: २०८०/०३/१९ LT. No.288251 चलानी नं. ६०२०४०१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 5 | 0 | 1800 | ६४,८७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | GENERAL CLEANER | 0 | 10 | 1000 | ३६,०४२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २६ गते (11th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५८०/०७९/०८०

**Like International (Pvt) Ltd.**

Balkumari-9, Lalitpur, Kathmandu, Nepal, Tel: +977-1-44181444

Email: nocnepal@nassers.org

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – ११०००० | प्रति तोला – १०९५०० | प्रति तोला – १३७० |



डोल्पाको त्रिपुरासुन्दरी नगरपालिकाको प्रशासकीय केन्द्र रहेको बगर क्षेत्रलगायत प्रसिद्ध तीर्थस्थल बाला त्रिपुरासुन्दरीको मन्दिर नजिकको दृश्य ।

*तस्बिर: हेमन्त केसी/रासस*

## आर्थिक विकासका विषयमा महासंघ र परिसंघबीच छलफल

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल उद्योग परिसंघबीच निजी क्षेत्रको हकहित र आर्थिक विकासका लागि सहकार्य गर्ने विषयमा छलफल भएको छ। महासंघले सोमबार परिसंघका नवनिर्वाचित पदाधिकारी र कार्यकारी समितिलाई बधाई एवं शुभकामना प्रदान गर्न आयोजना गरेको कार्यक्रममा दुवै संस्थाका नेतृत्वले सहकार्यमा जोड दिएका हुन् ।

महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले परिसंघका नवनिर्वाचित अध्यक्ष राजेशकुमार अग्रवाललाई बधाई दिँदै मुलुकको अर्थतन्त्र



विषम परिस्थितिमा रहेकाले दुई संस्थाबीच सहकार्य आवश्यक रहेको बताए । उनले भने, 'हामीले विगतमा पनि सहकार्य गरेर सुखद् नतिजा ल्याउन सफल भएका थियौँ र अब पनि यसलाई निरन्तरता दिनुपर्छ ।'

अध्यक्ष ढकालका अनुसार महासंघ, परिसंघ र नेपाल चेम्बर अफ कमर्शले बिहीबार संयुक्त रूपमा आगामी आर्थिक वर्षको मौद्रिक नीतिमा सुझाव पेश गर्दैछ। यसले आर्थिक क्षेत्रमा सकारात्मक सन्देश दिनेछ ।

यसैगरी परिसंघका अध्यक्ष अग्रवालले नीतिगत पैरवीका लागि दुवै संस्थाबीच सहकार्य आवश्यक रहेको बताए। महासंघको स्वागतका लागि धन्यवाद व्यक्त गर्दै उनले भने, 'हामीले सहकार्यलाई थप प्रभावकारी बनाउनुपर्छ ।' परिसंघको यही असार ९ गते अध्यक्ष अग्रवालको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको थियो । सोमबारको छलफलमा परिसंघ र महासंघका पदाधिकारी एवं कार्यकारिणी समिति सदस्यहरूको सहभागिता थियो ।

## दोहोरो अंकले घट्यो नेप्से

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक सोमबार पनि दोहोरो अंकले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक २१ दशमलव ३२ अंकले ओरालो लागेर दुई हजार ७५ दशमलव ९७ मा सीमित भएको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक चार दशमलव १७ अंकले ओरालो लागेर तीन सय ८६ दशमलव ३५ मा सीमित भएको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये दुई उपसमूहको सेयर मूल्यमा वृद्धि हुँदा ११ उपसमूहको सेयर मूल्यमा भने गिरावट आएको छ। कूल ९४ लाख १८ हजार नौ सय ५२ कित्ता सेयर रू चार अर्ब पाँच करोड १० लाख ७८ हजार तीन सय ७५ मूल्यमा खरिद बिक्री भएका छन् ।

कारोबारका आधारमा हिमालयन लाइफ इन्स्योरेन्स शीर्ष स्थानमा रहेको छ । सो कम्पनीको रू २३ करोड ९४ लाख ४५ हजार सात सय ८५ बराबरको कारोबार भएको छ । यस्तै, सोल्टी होटल रू २० कोड ९४ लाख ३९ हजार दुई सय ८५, नागरिक लगानी कोष रू २० करोड ३३ लाख २५ हजार पाँच सय ५४, शिवम् सिमेन्ट रू १८ करोड १८ लाख दुई हजार, एनएलजी इन्स्योरेन्स कम्पनी रू १४ करोड नौ लाख ९० हजार एक सय २२ बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार, सिवाइसीएल नेपाल लघुवित्त र बीपीडब्ल्यू लघुवित्तको सेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। सिटी होटल नौ दशमलव ९८, चन्द्रागिरी हिल्स तीन दशमलव ६८ र एनएलजी इन्स्योरेन्सका लगानकिर्ताले दुई दशमलव ८१ प्रतिशतले कमाएका छन् ।

त्यस्तै, लक्ष्मी इक्विटी फण्ड आठ दशमलव ९५, सामुदायिक लघुवित्त सात दशमलव १३, पाँचथर पावर कम्पनी छ दशमलव शुन्य एक, सयपत्री हाइड्रोपावर पाँच दशमलव ४१ र एनआइसी एशिया ब्यालेन्स फण्डका लगानीकर्ताले चार दशमलव ८४ प्रतिशतले गुमाएका छन् ।

## पेट्रोलियम पदार्थको मूल्य घट्यो

**काठमाडौं (प्रस)–** नेपाल आयल निमगले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । निगम सञ्चालक समितिले सोमबार राति १२ बजेदेखि लागू हुने गरी डिजेल, पेट्रोल र मट्टितेल तथा हवाई इन्धनको मूल्य घटाएको हो ।

मुलुकको भौगोलिक क्षेत्रलाई तीन वर्गमा विभाजन गरी मूल्य समायोजन गरिएको निगमले जनाएको छ। डिजेल, पेट्रोल र मट्टितेलको मूल्यमा प्रतिलिटर पहिलो वर्गमा सात रूपैयाँ ५० पैसा, दोस्रो वर्गमा छ रूपैयाँ र तेस्रो वर्गमा पाँच रूपैयाँले मूल्य घटाइएको निगमका प्रवक्ता मनोज ठाकुरले जानकारी दिए । पहिलो वर्गका क्षेत्रमा पेट्रोलको मूल्य प्रतिलिटर १६७ रूपैयाँ ५० पैसा, दोस्रो वर्गका क्षेत्रमा १६९ रूपैयाँ र तेस्रो वर्गका क्षेत्रमा १७० रूपैयाँ तोकिएको छ । यसअघि पेट्रोलको मूल्य देशभर प्रतिलिटर १७५ रूपैयाँ थियो ।

यस्तै, डिजेल र मट्टितेलको मूल्य पहिलो वर्गका क्षेत्रमा १४७ रूपैयाँ ५० पैसा, दोस्रो वर्गका क्षेत्रमा १४९ रूपैयाँ र तेस्रो वर्गका क्षेत्रमा १५० रूपैयाँ निर्धारण गरिएको निगमले जनाएको छ । निगमले चारआली, विराटनगर, जनकपुर, वीरगञ्ज, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज र धनगढीलाई पहिलो, सुर्खेत र दाङलाई दोस्रो तथा काठमाडौं, पोखरा र दिपायललाई तेस्रो वर्गमा राखेको छ। निगमले हवाई इन्धन (आन्तरिकतर्फ) प्रतिलिटर १४ रूपैयाँ र अन्तर्राष्ट्रियतर्फ प्रतिकिलोलिटर ११५ अमेरिकी डलरले मूल्य घटाएको छ । खाना पकाउने एलपी ग्यासको मूल्य भने यथावत् राखिएको छ ।

## कर्पोरेट

### एनआइसी एशिया र कोरियन स्किन अस्पताल लेट मि इनबीच सम्झौता

**काठमाडौं (प्रस)–** एनआइसी एशिया बैंकले काठमाडौंस्थित नयाँबानेश्वर र महाराजगन्जमा सञ्चालित कोरियन स्किन हस्पिटल लेट मि इनबीच सम्झौता गरिउको छ । यी दुई संस्थाबीच कोरियन स्किन हस्पिटलमा विभिन्न सेवा लिई डिजिटल भुक्तानी गर्दा १० प्रतिशत छुट उपलब्ध गराउने सम्बन्धमा समझदारी भएको हो ।

सो सम्बन्धी समझदारीपत्रमा यस बैंकको तर्फबाट डिजिटल पेमेन्ट इकोसिष्टम प्रमुख बिमल लम्साल र हस्पिटलको तर्फबाट निर्देशक मा दोङ सुले हस्ताक्षर गरेका थिए ।

उक्त समझदारी अनुसार यस बैंकमा खाता सञ्चालन गरेका मोबाइल बैंकिङ्ग, डेबिट कार्ड, क्रेडिट कार्ड वा प्लाटिनम कार्ड प्रयोग गरिरहेका ग्राहक महानुभावहरूले यो फाइदा उपभोग गर्न सकिनेछ। जसअन्तर्गत सबै प्रकारका फेसियल र उपचारमा यो छुट उपलब्ध गराउने बारे दुबै पक्षबीच समझदारी भएको छ। डिजिटल च्यानलबाट हुने कारोबारलाई वृद्धि गर्दै डिजिटल भुक्तानीलाई बढी भन्दा बढी सेवाग्राहीहरू समक्ष पुऱ्याउने हेतुले बैंकले यस सहकार्यलाई अगाडि बढाएको हो भने भविष्यमा समेत बैंकले यसैगरी डिजिटल भुक्तानीलाई बढवा दिनका लागि यस खालका सहकार्यलाई बढाउदै लैजाने लक्ष्य लिएको छ । मुलुकमा भुक्तानीको माध्यम नगदबाट डिजिटलतर्फ उत्साहजनक रूपमा अगाडि बढिरहेको अवस्थाबीच यस खालका साझेदारीले परम्परागत भुक्तानीको माध्यमलाई विस्थापित गरी डिजिटल कारोबारलाई बढाउन मद्दत मिल्ने बैंकले विश्वास लिएको छ ।




एनआइसी एशिया बैंकले मुलुकभर ३६० शाखा कार्यालयहरू, ४७३ एटिएम, ११० वटा विस्तारित काउन्टर एवं ६५ वटा शाखा रहित शाखा सञ्जाल विस्तार गरेको छ ।

### कामना सेवा विकास बैंकद्वारा दमकको गुहेश्वरी आधार भूतका विद्यार्थीलाई पोशाक हस्तान्तरण



**काठमाडौं (प्रस)–** कामना सेवा विकास बैंक लिमिटेड दमकस्थित एक विद्यालयका विद्यार्थीहरूलाई पोशाक हस्तान्तरण गरेको छ । बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत शाखा कार्यालय दमक मार्फत झापा जिल्ला कमल गा.पा वडा नं. ५ पाडाजुङ्गी स्थित गुह्येश्वरी आधारभूत विद्यालयलाई सोमबारको दिन पोशाक हस्तान्तरण गरेको छ । उक्त विद्यालयमा अध्ययन गर्न आउने विद्यार्थीहरू भूमिहिन, बाढिपिडित, सुकुम्वासी, दलित, जनजाती, आदिवासी समुदायका भएका र आर्थिक अवस्था कमजोर भएका छात्रछात्राहरूलाई सो पोशाक निःशुल्क रूपमा वितरण गरिएको छ ।

बैंकको कोशी प्रदेशका प्रदेश प्रमुख खिम लाल भुषालले गुह्येश्वरी आधारभूत विद्यालयका प्रधानाध्यापक विष्णु प्रसाद खनाललाई उक्त पोशाकहरू हस्तान्तरण गरेका थिए । कार्यक्रममा विद्यालयका अन्य शिक्षक, विद्यार्थी, स्थानीय महानुभावहरूका साथै बैंकका कर्मचारीहरूको उपस्थिती रहेको थियो ।

यससँगै बैंकले आगामी दिनहरूमा समेत सरोकारवालाहरूको समन्वय तथा सहकार्यमा यस्ता प्रकृतिका सामाजिक कार्यहरूलाई निरन्तरता दिने छ ।

योग्यता, स्वच्छता, निष्पक्षता: लोक सेवा आयोगको प्रतिबद्धता

- योग्यता र प्रतिस्पर्धाको सम्मान गर्दै रोजगारीमा समान अवसरको सदुपयोग गरौं।
- स्वदेशमा नै प्रतिभाको कदर गरौं र प्रतिभा पलायन हुनबाट रोक्ने वातावरण निर्माण गरौं ।
- नीर्भिक एवं निष्पक्ष रूपमा राष्ट्रको सेवा गर्ने अवसर प्रयोग गरौं र गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ